**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।**

**डढेलोले,**
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

**त्यसैले,**
- वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

epateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० वैशाख १६ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 29 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३८

## डाँकाको त्रासले सीमावर्ती क्षेत्रमा जाग्राम बस्दै स्थानीय

राजेश केशरीवाल, रक्सौल, १५ वैशाख/

सीमावर्ती भारतीय क्षेत्रमा अहिले डाँकाको डरले स्थानीय त्रसित भएका छन् ।



तस्वीरः प्रतीक

घोडासहन, भेलाही, रक्सौलस्थित महादेवा, पचपोखरियालगायतका क्षेत्रमा विगतका दिनमा लगातार भइरहेका डाँकाका घटनासँगै रक्सौललगायत सीमावर्ती क्षेत्रका बासिन्दाहरू राति जाग्राम बसी आआफ्नो जानमालको सुरक्षा गरिरहेका छन् ।

प्राप्त सूचना अनुसार बुधवार राति १ बजेको समयमा सीमावर्ती क्षेत्र भेलाहीमा घनञ्जय गुप्ताको घरमा ५०–६० जनाको डाँका समूहले लुटपाट गरेको छ । घरधनी गुप्तालगायत परिवारजनलाई बन्धन बनाइ ग्याँस कटरको माध्यमबाट ढोका फोडेर प्रवेश गरेका डाँकाहरूले करीब रु ४५ लाखको लुटपाट गरेका छन् । घटनामा १५ लाख नगद र ३० लाख बराबरका गरगहनासहित करीब ४५ लाखको सम्पत्ति लुटिएको घरधनी गुप्ताले बताए ।

करीब ४० मिनेटसम्म लुटपाट गरेका डाँकाहरूको भाग्ने क्रममा स्थानीय प्रहरी प्रशासनसँग भिडन्त भएको थियो । प्रहरी र डाँकाहरूबीच गोली हनाहन भएको थियो तर बम प्रहार गरी डाँकाहरू नेपाली सीमातर्फ भाग्न सफल भए ।

सीमावर्ती क्षेत्रमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) र बिहार पुलिसको तैनाथी छ । तर पनि निर्धक्क लगातार भइरहेका डकैतीका घटनाबाट स्थानीयहरूबीच भयको वातावरण व्याप्त भएको स्थानीयले बताउँछन् ।

घटनाको सिसिटिभी फुटेजको आधारमा घटनामा संलग्न डकैतहरूको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । हाफ पाइन्ट र भेस्टमा डाँकाहरू घरभित्र प्रवेश गरेका धरधनी गुप्ताले बताए ।

घटना सम्बन्धमा पूर्वी चम्पारण जिल्लाका एसपी कन्तेशकुमार मिश्र, डिएसपी धीरेन्द्र कुमारले घरधनी गुप्तासँग गरेको पूछताछमा डकैतहरूले हिन्दी र नेपालीमा आपसी कुराकानी गरेको पाइएको छ । सोधपुछको आधारमा डकैतहरूलाई पक्राउ गर्न विशेष टोली गठन भएको एसपी मिश्रले बताए ।

## ३८ दिनपछि सहमतिमा रिले अनशन समाप्त

प्रस, रौतहट, १५ वैशाख/

वृन्दावन नगरपालिकामा ३८ दिनदेखि जारी रिले अनशन सहमतिमा समाप्त भएको छ ।




तस्वीरः फाइल

वृन्दावन नगरपालिका कार्यालयसँग विभिन्न सूचनाको माग गर्दै ३८ दिनदेखि जारी रहेको रिले अनशन बिहीवार दिउँसोबाट अन्त्य भएको हो ।

चैत ७ गतेदेखि वृन्दावन नगरपालिका वडा नं २, ३, ४ र ५ का चारजना वडाध्यक्ष र नगरप्रमुख पदका तीनजना उम्मेदवार रिले अनशनमा बसेका थिए । उनीहरूले राखेका मागमध्ये बैंक स्टेटमेन्ट उपलब्ध गराएको र बाँकी माग क्रमशः पूरा गर्दै जाने सहमतिमा रिले अनशन तोडिएको अनशनरत वृन्दावन नगरपालिका वडा नं ४ का अध्यक्ष श्यामनन्दन यादवले बताए ।

वृन्दावन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमप्रसाद पाण्डे र अनशनकारीबीच पाँच बुँदे सहमति भएपछि रिले अनशन तोडिएको हो । रिले अनशन बस्ने पक्षबाट माग भएबमोजिमका सूचना कानूनसम्मतरूपमा कार्यालयले उपलब्ध गराउने, रिले अनशनमा नगरपालिकाका वडाध्यक्षहरूसमेत सहभागी भएकाले उनीहरूबाट कार्यालयसँग समन्वय गरी सूचना प्राप्त गर्ने, सुशासन कायम गर्न कार्यालयका तर्फबाट समयसमयमा सार्वजनिक सुनुवाइ आयोजना गर्ने, कार्यालयका तर्फबाट मागबमोजिम आर्थिक वर्ष २०७८/७९ को जेठ १ गतेदेखि हालसम्मको सञ्चित कोष, चालू र पूँजीगततर्फको बैंक स्टेटमेन्ट उपलब्ध गराउने, नगरवासी–राजनीतिक दल तथा जनप्रतिनिधिबीच सहकार्य तथा समन्वय कायम राख्ने सहमति भएपछि अनशन तोडिएको हो ।

## छडले घोचेर सेनाको जवानको मृत्यु

प्रस, वीरगंज, १५ वैशाख/

बाराको सिसहनियामा गएराति ट्याक्टरमा लोड गरिएको छडमा मोटरसाइकल ठोक्किंदा एकजना चालकको घटनास्थलमैं मृत्यु भएको छ । मृतक नेपाली सेनाको कसरा ब्यारेक नवलपरासीमा कार्यरत जवान राजकुमार राम रहेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रहरी प्रवक्ता पुरुषोत्तम सिंह पाण्डेयले बताएका छन् ।

वीरगंजबाट कलैया जाने क्रममा कलैया उपमहानगरपालिका–२४ सिसहनियामा ना.५त ४०२१ नम्बरको ट्याक्टरमा बा.८०प ८२८० नम्बरको मोटरसाइकल ठोक्किंदा ट्याक्टरमा लोड रहेको छडले घोचेर रामको घटनास्थलमा मृत्यु भएको प्रवक्ता पाण्डेयले जानकारी दिए ।

मृतक राम कलैया उपमहानगरपालिका–१६ मझौलिया निवासी हुन् ।

ट्याक्टरचालक रौतहट, देवाही गोनाही नगरपालिका–५ टिकुलिया निवासी ३२ वर्षीया रमेश तिवारीलाई प्रहरीले पक्राउ गरी घटनाबारे अनुसन्धान गरिएको प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिएका छन् ।

## पर्सागढीमा डोम समुदायको लागि एकीकृत बस्तीको शिलान्यास

बलिराम शुक्ला, बिरुवागुठी, १५ वैशाख/

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले वडा नं ६ शिवटोलमा डोम समुदायका लागि एकीकृत बस्तीको शिलान्यास गरेका छन् ।

उनले अति पिछडिएको शिवटोलका डोम समुदायको आर्थिक अवस्था दयनीय रहेको र घरको छानोसमेत त्रिपाल तथा प्लास्टिकको भएका हुनाले बस्ती निर्माण गर्न लागिएको बताए ।

शिवटोलमा करीब एक सय डोम समुदायका बासिन्दा रहेको र उनीहरूको लागि पर्सागढी नपाले रु ७० लाखको लागतमा एकीकृत बस्ती निर्माण गर्न लागेको नगरप्रमुख पाठकले बताए । उनले ३२ वटा जस्ताको छाना भएको भवन, शौचालय, कम्पाउन्डसमेत हुने गरी दुई महीनाभित्र बस्ती निर्माण गरी हस्तान्तरण गरिने बताए । बस्ती निर्माण हुने भएपछि शिवटोलका डोम समुदाय निकै खुशी भएको सुकनराउत डोमले बताए । कार्यक्रममा उपप्रमुख पूजा चौधरी, वडा नं ५ का अध्यक्ष नितेश मिश्र, कार्यपालिका सदस्य सीता लामालगायतको सहभागिता थियो ।




डोमजातिका लागि एकीकृत बस्ती निर्माणको शिलान्यास गर्दै नगरप्रमुख पाठक । तस्वीरः प्रतीक

## एक रुपैयाँमा टचुशन पढाउँदै आएका कुर्मी अस्वस्थ
## ७० जना बालबालिका टचुशनबाट वञ्चित

दिनेश मिश्र, वीरगंज, १५ वैशाख/

धोबिनी गाउँपालिका–१ घोडदौल निवासी रामअयोध्या राउत कुर्मी बिरामी भएपछि सो ठाउँका ७० जना बालविकासदेखि प्राथमिक विद्यालयसम्मका विद्यार्थीहरू टचुशन पढनबाट वञ्चित भएका छन् ।



तस्वीरः फाइल

बालबालिकालाई टचुशन पढाउँदै कुर्मी । तस्वीरः प्रतीक

कुर्मीले पाँच दशकदेखि सो टोलाका बालबालिकाहरूलाई टचुशन दिँदै आएका छन् । ७० वर्षीय कुर्मीलाई श्वासप्रश्वाससम्बन्धी समस्या छ । उनी अहिले अस्वस्थ भएपछि स्थानीय बालबालिकाहरू टचुशन पढ्नबाट वञ्चित हुनुपरेको हो । कुर्मीले बिहान डेढ घण्टा र साँझ डेढ घण्टा गरी दैनिक तीन घण्टा टचुशन पढाउने गरेका थिए । उनले आफूले कक्षा ५ सम्म अध्ययन गरेकोले बालविकासदेखि कक्षा ५ सम्मका बालबालिकाहरू टचुशन पढाउँदै आएको बताए ।

टचुशन दिएर उनले बालबालिकासँग गुजाराका लागि सातामा शनिवार एक रुपैयाँ र आधा किलो चामल लिने गर्थे । यो उनले सुरुआतदेखि लिंदै आएको गुरुदक्षिणा हो । पाँच दशकदेखि पढाउँदै आएका उनी केही समय धोबिनी गापा–१ भिखमपुर पिपरामा रहेको माविमा पियन पदमा जागीरे थिए । तर राजनीतिक आस्थाका कारण उनको सो जागीर टिकाउ भने भएन । पियन पदमा रहँदा पनि उनको टचुशन कक्षा भने चालू थियो ।

उनले अरूलाई टचुशन दिएर शिक्षित पारे पनि आफ्ना दुई छोरालाई भने आर्थिक अभावले पढाउन सकेनन् । यसै कारण दुवै छोरा पिताले पढाउने टचुशनबाट नै कक्षा पाँचसम्मको शिक्षा पाउन सके । अहिले आर्थिक समस्यासँग जुध्नका लागि उनका दुवै छोरा काठमाडौंमा सिलाइकटाइको काम गर्दैछन् ।

अहिले घरमा कुर्मी र उनकी पत्नी छन् । अहिलेसम्म उनीहरूको गुजारा विद्यार्थीहरूले पाँच दशकदेखि दिंदै आएका शनिचरा एक रुपैयाँ र आधा किलो चामलबाट हुँदैछ । यही कारण उनले दम र श्वासप्रश्वासको उपचार गराउन सकेका छैनन् । कसैले उपचार गराएको खण्डमा अहिले पनि बालबालिकाहरूलाई नियमित टचुशन पढाउने उनको इच्छा छ । आफूले टचुशन पढाएका धेरैजना विद्यार्थी राम्रा ठाउँमा पुगेका छन्, उनले भने । तर स्वाभिमानी कुर्मीले अहिलेसम्म आफ्ना कुनै शिष्यसँग सहयोग मागेका छैनन् ।

## सेढवामा जनस्वास्थ्य प्रयोगशालाको उद्घाटन

प्रस, सेढवा, १५ वैशाख/

प्रदेशसभा सदस्य शङ्करप्रसाद चौधरीले आम नागरिकलाई प्रभावकारी स्वास्थ्य सेवा र गुणस्तरीय शिक्षा प्रदान गर्न आफू सदैव अग्रसर रहेको बताएका छन् । शुक्रवार जीराभवानी गाउँपालिका–२ सेढवास्थित जनस्वास्थ्य प्रयोगशालाको उद्घाटन गर्दै उनले सर्वसाधारणको आधारभूत आवश्यकता अन्तर्गत स्वास्थ्य र गुणस्तरीय शिक्षाका लागि आफूले सक्दो काम गर्ने बताए ।



तस्वीरः प्रतीक

गापा अध्यक्ष अनोज चौधरीले प्रयोगशाला सञ्चालनमा आएपछि स्वास्थ्य उपचारको लागि यस क्षेत्रका बासिन्दा अन्यत्र जानु नपर्ने बताए । उनले गापावासीले आफ्नै गाउँमा सस्तो र सुलभ स्वास्थ्य उपचार पाउने बताए ।

कार्यक्रममा उपाध्यक्ष रेखा चौधरी, वडाध्यक्ष रामशरण खवास, महादेव महतो थारू, सुरज राय, राजेश्वर महतो, दारासिंहराउत थारू, नेपाली काङ्ग्रेस जीराभवानीका सभापति मनमोहन चौधरी, समाजसेवी ब्रह्मानन्द चौधरी, स्वास्थ्य शाखा प्रमुख अजय दासलगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**आफूलाई पढ्ने कोशिश गर, सबै समस्याको समाधान पाइन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# ठोरीमा बाख्रापालन

**दातृ निकाय क्याप्टिभेटिङ इन्टरनेशनल फाउन्डेशनले ठोरीका किशोरीहरूका लागि बाख्रा वितरण गरेको छ । केही पहिले त्यही ठोरी–४ स्थित किसानको गोठमा राति निकुञ्जबाट आएको बाघले छवटा बाख्रा मार्‍यो । यसको केहीपछि यसैगरी अर्को किसानका १२ वटा बाख्रा सोत्तर बनायो । यसैगरी, केही महीना पहिले ठोरी–१ मा हरेक रात बाघले बाख्रा खान थालेपछि अन्ततः निकुञ्जले डार्क गरेर बाघ समातेको थियो । खोरबाटै स्यालले लाने, बाघले खाने घटनाहरू प्रायः दिनहुँ भइरहेका छन् । विद्यालयबाहिरका किशोरी, जो अब विद्यालय जान चाहँदैनन् र आफ्नै गाउँघरमा बसेर अर्थोपार्जनको स्वरोजगारमूलक काममा सहभागी हुन चाहनेहरूका लागि आसमान नेपालको सहकार्यमा बाख्रा वितरण गरिएको हो । यसअघि आसमान नेपालले उनीहरूलाई नौ महीनासम्म पढाएर जीवनोपयोगी सीप हासिल एवं वित्तीय साक्षर गराइ आर्थिकोपार्जन हुने किसिमको व्यवसायमा लगाउन खोजेको हो ।**

**बाख्रापालनको लागि ठोरी गाउँपालिका क्षेत्रको वातावरण र वस्तुस्थिति अति अनुकूल छ । १२८ वर्ग किलोमिटर क्षेत्रफल रहेको ठोरी गाउँपालिकामा २७.७२ वर्ग किलोमिटर( २१.६५ प्रतिशत) मात्रै खेतीयोग्य जमीन छ । बाँकी ११.७५ वर्ग किमी आवासीय क्षेत्र रहेको छ भने कुल क्षेत्रफलको ६४.८४ वर्ग किमी (५०.६५ प्रतिशत) क्षेत्रफल वनजङ्गलले ढाकेको छ । मलिलो बाटो र पानीको स्रोतसमेत रहेकाले यहाँको वनजङ्गल डाले घाँस र भुई घाँस उत्पादनको लागि उर्वर छ । ठोरीका अधिकांश वनजङ्गल स्थानीय उपभोक्ता समितिद्वारा संरक्षित छन् । खेतीयोग्य भनिएका जमीनहरू पनि २० प्रतिशतभन्दा बढी बोटबिरुवाले ढाकिएका छन् । लिजमा लिनुपरे पनि जमीन सस्तो छ । बाख्रापालनको लागि आधारभूत आवश्यक घाँस र चरन क्षेत्र हो । हुलाकी सडकले जोडिएको क्षेत्र र दक्षिणमा भारत, बिहारको ठूलो जनसङ्ख्या भएको आबादी रहेकोले बजारको अभाव छैन । बाख्रापालनको लागि जिल्लामा मात्रै होइन, मधेस प्रदेशमा नै ठोरीजतिको अनुकूल अन्यत्र देखिँदैन । बाख्रापालनका लागि क्याप्टिभेटिङ इन्टरनेशनल एवं आसमान नेपालको छनोट सही छ । ठोरीमा आजसम्म एउटा पनि व्यावसायिकरूपमा बाख्रापालन व्यवसाय सञ्चालन भएको देखिएन । ससाना प्रयासहरू भने भएका छन् । तर त्यो दीर्घकालीन हुन सकिरहेको छैन ।**

**सम्भावना रहेर पनि बाख्रापालन हुन नसक्नुको प्रमुख कारण यहाँका बासिन्दामा बाख्रापालनसम्बन्धी ज्ञान, सीप र लगाव नहुनु हो । पाल्यो, पोस्यो, फल खाने बेला स्यालले तान्ने, बाघले लाने भएपछि जाँगर मर्नु पनि स्वाभाविक हो । जसमा केही लगाव छ, ऊसँग ठूलो लगानी छैन । अरूभन्दा पनि बाख्राको सुरक्षाका लागि भरपर्दो र व्यवस्थित खोर बनाउन लगानी लाग्ने हो । बाख्रापालन गर्न चाहनेबाहिरका लगानीकर्तालाई ठोरीले भित्र्याउन सकेको छैन । घरघरमा दुई/चारवटा खसी, बाख्रा पाल्न पनि बाघले भत्काउन नसक्ने खोर चाहिन्छ । "दातृ निकायले बाख्रा दिए हामी खोर दिन्छौं" भन्न सक्ने हिम्मत पालिकाका जनप्रतिनिधिमा देखिएन । उनीहरू बाख्रा वितरण कार्यक्रममा भाषण गर्नमैं सीमित छन् । एउटै निकायले सबै चीज दिन सक्दैन । एउटाले बाख्रा, अर्कोले खोर त कसैले प्राविधिक सहयोग एवं कसैले बाख्रा बीमा गराउने हो भने किसानको जोखिम कम हुन्छ । त्यसको निम्ति संयोजन गर्न घरदैलोको सरकार**

# असल कम्युनिस्ट बन्न सधैं याद गर्नुपर्ने कुराहरू

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**मूल कुरा त्यसको समाधान कसरी गर्ने ? कस्तो पद्धति अवलम्बन गर्ने, विकृति र गैरसाम्यवादी कुरा कसरी हटाउने ? त्यसमा जोड दिनुपर्छ । अन्तर्सङ्घर्ष नै त्यस्तो विधि हो, जसले गैरसाम्यवादी विचार र चिन्तनलाई पराजित गर्न शक्ति प्रदान गर्दछ ।**

भर्खरै स्थानीय, प्रादेशिक, सङ्घीय तथा उपनिर्वाचन सकिएको छ । कम्युनिस्टहरूले काङ्ग्रेस, राप्रपा, लोसपालगायत घोर दक्षिणपन्थी उम्मेदवारहरूको लागि दिनरात मत मागेको देखियो । मतदाताहरू असमञ्जसमा परेका रहेछन् । पूँजीवादी व्यवस्थाका चाटुकारहरूका लागि मत माग्ने यी कस्ता कम्युनिस्ट हुन् ?

नेपालमा कम्युनिस्ट को हो भन्ने सवाल धमिलो पानीमा माछा मारेझैं भएको छ । नेपाली कम्युनिस्टहरूले आफूलाई कम्युनिस्ट भने पनि धेरैजसो नेताहरूको व्यवहार दलाली मात्रै देखिन्छ । संसद्वादमा लागेकाहरू पनि आफूलाई कम्युनिस्ट भन्छन् । दु:खी गरीबको पार्टी कम्युनिस्ट नभई पूँजीपति विचारधारा बोकेको पार्टीजस्तो देखिन्छ । कथित कम्युनिस्टहरूको दुईतिहाईको सरकारले देशमा विकास गरेर देखाउने प्रशस्त सम्भावना हुँदाहुँदै भ्रष्टाचारमा लिप्त देखिनु लज्जास्पद विषय बनेको छ ।

कम्युनिस्टहरूको आचरणमा खडेरी परेको बेला आउनुस् असल कम्युनिस्टबारे केही अध्ययन गरौं–

**दृढ आत्मविकास**

बाँच्नका लागि मानिसले प्रकृतिविरुद्ध सङ्घर्ष गर्नुपर्छ । भौतिक मूल्य उत्पादन गर्न प्रकृतिको संसाधन प्रयोग गर्नुपर्छ । प्रकृतिविरुद्ध चलाएको लामो सङ्घर्षमा मानिसबीच सामाजिक सम्बन्ध, सामाजिक सङ्गठनका रूप र उनीहरूको चेतना पनि फेरिन्छ । सामाजिक जीवन र परिवेशले मानिसको चेतना निश्चित गर्दछ, विचारधाराले भिन्न वर्गीय स्थिति र वर्गहितको प्रतिनिधित्व गर्दछ ।

कम्युनिस्टहरू आधुनिक इतिहासका सबैभन्दा अग्रगामी क्रान्तिकारी हुन् । आज समाज र विश्वलाई फेर्ने अभिभारा छ र कम्युनिस्टहरू परिवर्तनका प्रेरक शक्ति हुन् । प्रतिक्रान्तिकारीविरुद्ध अथक सङ्घर्ष गरेर नै कम्युनिस्टहरूले समाज र विश्वलाई फेर्दछन् र स्वयंलाई पनि फेर्छन् । एउटा कम्युनिस्ट क्रान्तिकारी सङ्घर्षबाट खारिन्छ र परिपक्व बन्दै जान्छ । तसर्थ कम्युनिस्टहरूमा दृढ आत्मविकास हुनुपर्छ ।

**मार्क्स–लेनिनका योग्य चेला बन**

असल कम्युनिस्ट बन्नु भनेको मार्क्स–लेनिनको शिक्षा ग्रहण गर्नु हो । क्रान्तिवादी कार्ल मार्क्सको जीवनबाट सिक्नु भनेको सर्वहारा वर्गको हित, सत्ता र वर्गविहीन समाजका लागि सिक्नु हो, क्रान्ति र मानव मुक्तिका लागि सिक्नु हो । स्टालिनले भनेका छन्–"हाम्रा गुरु, हाम्रा नेता लेनिनलाई सम्झ, माया गर र अध्ययन गर ।"

मार्क्सवाद–लेनिनवाद पढ्नु भनेको शब्दमा रमाउनु होइन । हाम्रा अधिकांश कामरेड मार्क्सवाद–लेनिनवाद त पढ्छन्, तर त्यसका निष्कर्षमा अल्मलिन्छन्, वास्तविक जीवनमा आइपर्ने समस्याको समाधान दिन सक्दैनन् । मार्क्सवाद–लेनिनवाद अध्ययन गर्नुको अर्थ क्रान्तिको बाटो समात्नु र सङ्घर्षका लागि प्रेरित हुनु हो । क्रान्तिकारी सिद्धान्तलाई क्रान्तिकारी व्यवहारमा रूपान्तरण गर्नु हो । त्यसले समाजलाई मात्र फेर्दैन, स्वयंलाई कम्युनिस्ट क्रान्तिकारीमा रूपान्तरण गर्दछ ।

**जनतासँग क्रान्तिकारी व्यवहार गर**

चेङ्चीले भनेका थिए–"म दिनमा तीनपटक आफूमाथि विचार गर्छु ।" त्यस बखत उनले आफ्नै आत्म–परीक्षा गरिरहेका हुन्थे । जसले प्रगति गर्नुछ, उसले कठिन परिश्रम र तीव्र आत्म–विकास गर्न आवश्यक छ ।

पार्टी, जनता र क्रान्तिको विजयका लागि नै सिद्धान्त अध्ययन गर्ने हो । माओत्सेतुङ भन्छन्–"मार्क्सवाद–लेनिनवादको महान् शक्ति ठोस क्रान्तिकारी व्यवहारसित एकाकार हुनुमा छ । चीनका विशेषता र जनतासँग सम्बन्धलाई ध्यानमा नराखी मार्क्सवादको कुरा गर्छन् भने त्यो अमूर्त मार्क्सवाद, खोक्रो मार्क्सवादसिवाय केही होइन । तसर्थ सिद्धान्तलाई जनतासँग, परिस्थितिसँग र व्यवहारसँग जोड्नुपर्दछ ।"

**सिद्धान्तको अध्ययन र आत्मविकासबीच एकता गर**

कम्युनिस्टहरूले विचारधारात्मक आत्म–विकासबाट सैद्धान्तिक अध्ययनलाई छुटचाउनुहुँदैन । हामीले क्रान्तिकारी व्यवहार मात्र होइन, मार्क्सवाद–लेनिनवाद अध्ययन गर्न पनि आफूलाई समर्पित गर्नुपर्छ । सर्वहारावर्गीय विचारलाई मन्थन गर्नुपर्छ । सिद्धान्तमा चोखो भएपछि क्रान्तिकारी व्यवहार चाहिंदैन भन्ने सोच गलत हुन्छ । हामीले कामदार वर्गबाट आएका कति राम्रा–राम्रा पार्टी सदस्यहरू देखेका छौं, जसलाई मार्क्सवाद–लेनिनवादको पक्का ज्ञान छैन । तर सिद्धान्तप्रति गहिरो चाख राख्छन् र त्यसलाई व्यवहारमा ढाल्न कोशिश गर्छन् ।

मार्क्सवाद–लेनिनवाद सर्वहारावर्गीय क्रान्तिको विज्ञान हो, जुन विज्ञानद्वारा कामदार वर्गले समाजवाद र साम्यवादको निर्माण गर्दछ । त्यो व्यक्तिले मात्र यसलाई छिचोलेर बुझ्न सक्छ, जसले यसमाथि पूरा अख्तियार राख्छ, जसको दृढ सर्वहारावर्गीय अडान छ, जसले सर्वहारा वर्गको आदर्शलाई आफ्नै आदर्श बनाएको छ । जो सच्चा क्रान्तिकारी छैन, हृदयदेखि नै सर्वहारावर्गीय क्रान्तिकारी होइन, उसले मानव जातिको मुक्ति सङ्घर्षमा विजय हासिल गर्न सक्दैन ।

**साम्यवादको लक्ष्यप्रति दृढ बन**

वर्ग सङ्घर्ष विचारधाराबीचको सङ्घर्ष हो, यसले समाजमा भएको वर्ग सङ्घर्षलाई प्रतिविम्बित गर्दछ । साम्यवादी विश्व दृष्टिकोणले गैरसाम्यवादी विश्व दृष्टिकोणमाथि विजय हासिल गर्नुपर्छ । व्यक्तिवादमाथि विजय हासिल गर्नुपर्छ र यसको उन्मूलन गर्नुपर्दछ । ससाना जीतहारबाट तरङ्गित हुने व्यक्तिले व्यक्तिवादमाथि विजय हासिल गर्न सक्दैन, कुनै पनि कम्युनिस्टका निम्ति यस्तो हुनु डरलाग्दो र खतरनाक कुरा हो ।

कम्युनिस्ट पार्टीका सदस्यको मूल कर्तव्य साम्यवाद प्राप्त गर्नु हो । साम्यवादी विश्व मात्र त्यस्तो विश्व हो, जसले शोषण व्यवस्थाबाट उब्जने अन्धकार, अज्ञानता, पछौटेपन अन्त्य गर्नेछ । समाजमा भौतिक मूल्य र नैतिक मूल्यबीच मिलन हुनेछ । त्यसभित्र सबै मानिसका खाँचो पूरा हुन्छ । त्यस बखत सारा मानवजाति निस्स्वार्थ, बुद्धिमान, सुसंस्कार र शिल्पयुक्त कम्युनिस्ट कामदार हुनेछ, मानिसहरूबीच पारस्परिक सहयोग र स्नेह हुनेछ । त्यस बेला पारस्परिक शङ्का, धोका, हानि–नोक्सानी, हत्या र युद्धजस्ता अनुचित व्यवहार हुने छैन । यो निश्चय नै मानव इतिहासमा सबैभन्दा राम्रो, सबैभन्दा सुन्दर र सबैभन्दा विकसित समाज हुनेछ ।

**व्यक्तिका हित पार्टीको अधीनमा राख**

साम्यवादी पार्टी सर्वहारा वर्गको पार्टी हो, सर्वहारा वर्गको मुक्तिबाहेक यसको अर्को उद्देश्य छैन । सर्वहारा वर्गको मुक्ति नै सम्पूर्ण मानवजातिको मुक्तिको पूर्वशर्त हो । माओत्सेतुङ भन्छन्–"कहिल्यै पनि र कुनै पनि हालतमा साम्यवादीले आफ्ना व्यक्तिगत हितलाई प्राथमिकता दिनुहुँदैन, उसले तिनलाई राष्ट्र र आम जनताका हितको अधीन राख्नुपर्छ । सारा शक्तिले काम गर्नु, सार्वजनिक जीवनमा दिलोज्यानले लाग्नु र परिश्रमी बन्नु साम्यवादीको विशेषता हो ।

कम्युनिस्टमा उच्च साम्यवादी नैतिकता हुन्छ । दृढ सर्वहारा वर्गीय अडान हुनुपर्छ, आफूलाई उत्पीडितको ठाउँमा राखेर हेर्न सक्ने हुनुपर्छ । ऊ अरूको मर्म बुझ्न सक्ने, कामदार वर्गप्रति सद्भाव र प्रेम दर्शाउन सक्ने, खुला दिलले उनीहरूलाई सघाउन सक्ने हुनुपर्छ । ऊ मानव जातिका सम्पूर्ण शत्रुसँग डटेर मुकाबिला गर्न र मुक्ति सङ्घर्षमा आफूलाई अविचलित राख्न सक्ने हुनुपर्छ । समग्रमा एउटा साम्यवादी, व्यक्तिवादविरुद्ध उभिन सक्ने हुनुपर्छ ।

**गलत विचारधाराविरुद्ध लड**

पार्टीभित्र केही गलत विचार छन्, ती विचारले साम्यवादी लक्ष्यको सेवा गर्दैन । धेरैले साम्यवाद ल्याउने भनेर सर्वहारा वर्ग र मानवजातिको मुक्तिका लागि भनेर सङ्घर्ष गर्छन् । तर केही कामरेडहरू छन्, जसले साम्यवादको लक्ष्यको कुरा गरे पनि काममा त्यसो गर्दैनन् । किसान पृष्ठभूमिका केही कामरेडहरू साम्यवाद भनेको स्थानीय किसानलाई नङ्ग्याउनु र जमीनको बाँडफाँड गर्नु हो भन्ने ठान्छन् ।

कतिपय अन्य कुनै उपाय नदेखेर कम्युनिस्ट पार्टीमा लागेका छन्, कामबाट निकालिएर, अध्ययन गर्ने साधन नपाएर, कुनै निश्चित पेशा नभएर, पारिवारिक बोझ खप्न नसकेर, करकापमा बिहे गर्नुपरेकोले पनि कम्युनिस्ट पार्टीमा आएका छन्, थोरै त्यस्ता व्यक्ति पनि आउँछन्, जो आफ्नो कर घटाउन पार्टीको सहारा खोज्छन् । यस्ता थुप्रै गलत विचार पार्टीमा भित्रिन्छन् । त्यसैगरी पार्टीभित्र गुटवादी, विभागवादी, पृथकतावादी, फुटपरस्त विचार पनि भित्रिन्छन्, दुस्साहसवादी, महत्त्वाकाङ्क्षी विचार पनि त्यत्तिकै हुन्छन्, यी सबैविरुद्ध लडेर साम्यवादी लक्ष्यमा हिंड्नु कम्युनिस्टको उच्च दायित्व हो ।

कतिपय मान्छेले कम्युनिस्टहरूलाई एकदमै असल र आदर्शवादीका रूपमा मात्र सोच्छन् । उनीहरू ठान्छन्–"साम्यवादीहरू भएभरका न्यायोचित पक्षको कुरा लिन्छन्, साम्यवादी सबैभन्दा असल मानिस हुन् । यस्तो पार्टीमा खराब र घिनलाग्दा मानिस किन राखेको ?" पार्टीमा लाग्नु अघि समाजका जुन घिनलाग्दा मानिससँग उनीहरू वाक्क थिए, पार्टीमा पनि त्यस्तै मानिसहरू देखेपछि उनीहरू टोलाउँछन् र निराश हुन्छन् ।

**अन्तर्पार्टी सङ्घर्षमा क्रान्तिकारी पक्षधरता**

पार्टीभित्रको अन्तर्सङ्घर्षलाई पनि गतिशीलरूपमा हेर्नुपर्छ । तर कतिपयले यसलाई गतिहीनरूपमा हेर्छन् । पार्टीभित्र बहस र फरक मत हुनु ठूलो कुरा होइन । त्यस्तो सङ्घर्ष सधैं रहन्छ । तर मूल कुरा त्यसको समाधान कसरी गर्ने ? कस्तो पद्धति अवलम्बन गर्ने, विकृति र गैरसाम्यवादी कुरा कसरी हटाउने ? त्यसमा जोड दिनुपर्छ । अन्तर्सङ्घर्ष नै त्यस्तो विधि हो, जसले गैरसाम्यवादी विचार र चिन्तनलाई पराजित गर्न शक्ति प्रदान गर्दछ ।

विकासको आवश्यकता र वस्तुगत नियम अनुसार नै कम्युनिस्ट पार्टीमा समस्याहरू आउँछन् । तिनको समाधान यान्त्रिक र मनोगत तरीकाले सम्भव हुँदैन । अन्तर्सङ्घर्षमा वामपन्थी अवसरवाद पनि निकै खतरनाक हुन्छ, त्यसले सधैं फाइदा उठाउने कोशिश गर्छ । उनीहरूले यान्त्रिक र उत्ताउलो तरीकाले सङ्घर्ष चर्काउँछन्, जानीबुझी पार्टीमा विवाद सिर्जना गर्छन् र नेतृत्वको पक्षमा उभिएर आफू क्रान्तिकारी बन्न कोशिश गर्छन् । एउटा साम्यवादीले यी सबै अतिवादविरुद्ध सङ्घर्ष गर्न सक्नुपर्छ ।

**गलत विचार कस्तो हुन्छ, लड्ने कसरी ?**

सबैभन्दा पहिले पार्टीमा आएका विभिन्न विचारहरूको पृष्ठभूमि, सङ्गति, परिस्थिति र पक्षधरता बुझ्नुपर्दछ । त्यसका आधारमा सही र गलतको फैसला गर्न सक्नुपर्दछ । पार्टीमा एकाग्रताको भावना विकसित गर्नुपर्दछ, गलत विचारधारासँग सम्झौता गर्नुहुँदैन ।

सुधार्न सकिने कमरेडहरूलाई सच्याउने कोशिश गर्नुपर्छ, सबै सम्बन्ध र सङ्घर्षहरू रूपान्तरणमा आधारित हुनुपर्छ । आलोचना गर, मन्थन गर र नयाँ साँचोमा ढाल । तर सङ्घर्षको नशा सेवन नगर । अन्तर्पार्टी सङ्घर्षलाई प्रतिष्ठाको विषय बनाउनुहुँदैन । तर सुधार्न नसकिने कमरेडहरूलाई पार्टीबाट निष्कासनसम्म गर्न तयार रहनुपर्दछ । एउटा कम्युनिस्टले पार्टीभित्र सधैं मार्क्सवादी–लेनिनवादी प्रवृत्ति लिनुपर्छ । ध्वंसात्मक र उग्र उदारवादी प्रवृत्तिबाट मुक्त भएर सङ्घर्ष गर भन्ने पद्धतिलाई आत्मसात् गर्नुपर्दछ ।

# सातोमाई मन्दिरको प्राणप्रतिष्ठा

दिनेश मिश्र, वीरगंज, १५ वैशाख/

पोखरिया नगरपालिका–६ मा रहेको सातोमाई मन्दिरको प्राणप्रतिष्ठान गरिएको छ ।

पूर्वप्रदेशसभा सदस्य प्रह्लाद गिरीको पहलमा रु.४५ लाखको लागतमा रामजानकी मन्दिर निर्माण सम्पन्न भएपनि सञ्चालनमा आएको थिएन । रु २० लाखको लागतमा शतचण्डी विष्णु महायज्ञ पोखरिया युवा समाजका अध्यक्ष भगवानदास तत्वाको अध्यक्षतामा भइरहेको छ । सातोमाई मन्दिर स्थापना र विश्व शान्तिको लागि महायज्ञ गराइएको अध्यक्ष तत्वाले बताए ।

हिजो सातोमाईको प्राणप्रतिष्ठा गरिएको थियो । वडाध्यक्ष सीमानन्द चौहानको अध्यक्षता तथा पूर्वप्रदेशसभा सदस्य गिरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पोखरिया नगरपालिकाका प्रमुख प्रद्युमन चौहान, शनि दुबे, सुजित गिरी, मदन मिश्रलगायतको सहभागिता थियो ।



तस्वीरः प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष ३६ | २०८० वैशाख १६ गते शनिवार | 2023 April 29 Saturday


# पिएचडीको पढाइसँगै दक्षिण कोरियाको सुख-सुविधा त्यागेर अनाथसेवामा कृष्णकुमार सिंह

स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com

मानिसको रुचि, क्षमता, दक्षता र चाहना कस्ताकस्ता हुन्छन् ? यस प्रश्नको उत्तर कुनै एक ठाउँमा सामान्यतया पाउन गाह्रो हुन्छ। मानिसको जीवनको अन्तिम लक्ष्य के हो ? यस प्रश्नको उत्तर पनि निकै कमले दिन सक्छन् । तपाईंलाई सबैभन्दा बढी सन्तुष्टि कहाँ वा कसरी वा केमा प्राप्त हुन्छ ? यस प्रश्नको उत्तरमा पनि मानिस घोत्लिन थाल्छन्। जीवन कसरी सरल हुन्छ ? यस प्रश्नको उत्तर सबैलाई थाहा छ किनभने हरेक व्यक्तिले आफ्नो जीवनलाई अझ सरल बनाउने प्रयास सम्भव भएसम्म हरेक पल गरिरहेको हुन्छ।

जीवनलाई सरल बनाउने कुरो पनि व्यक्तिको दृष्टिकोणमा निर्भर हुन्छ । अनि त कसैले कठिनभन्दा पनि कठिन काममा आफूलाई सहज लागेको र मन लाग्ने गरेको बताउँछन्। कोही त्यागलाई सहज मान्दछन् त कोही प्राप्तिलाई। कोही दिनु सहज हो भन्छन् त कोही लिनु सहज ठान्दछन् । सहजताले पनि दृष्टिकोण खोज्दछ, विचार र दर्शन खोज्दछ। यस्तै ठूला सुविधा र आरामसहितको जिन्दगी त्याग गरेर गरुडाको अनाथालयमा आइपुगेका छन् पिएचडीका स्कलर कृष्णकुमार सिंह । जीवनरूपी नदीले कृष्णकुमार सिंहलाई जताजता डोऱ्यायो, उतैउतै डोरिंदै हरेक क्षेत्रमा आफूलाई सबल र अब्बल साबित गर्दै गएका सिंह दक्षिण कोरियामा पिएचडीको पढाइसँगै त्यहाँ लाखौंको जागीर, गाडी, क्वार्टरसहितको सुविधा त्याग गरेर अनाथालयको सेवामा आएका छन्।

सिंह दक्षिण कोरियामा जागीरसँगै पिएचडी पनि अध्ययन गरिरहेका थिए। अनाथालयलाई आफ्नो आवश्यकता देखेर सिंह पिएचडी, जागीर र हुँदाखाँदाको सुविधा सम्पन्न नोकरी छाडेर अनाथालयमा आइपुगेका छन्।



रौतहटको गरुडामा रहेको वंशीराम जयसवाल अनाथालयका अध्यक्ष कृष्णकुमार सिंह। तस्वीरः लेखक

करीब ४० वर्षीय कृष्णकुमार सिंह दक्षिण कोरियाको राजधानी सिउलमा रहेको सिउल नेशनल विश्वविद्यालयबाट मानवशास्त्रमा एमए पूरा गरेपछि भारतीय दर्शन विषयमाथि दक्षिण कोरियाकै डङगक विश्वविद्यालयमा पिएचडी गरिरहेको अवस्थामा अनाथालयको विशेष जिम्मेवारी सम्हाल्नुपरेकोले पढाइ त्याग गरेर अनाथालय सम्हाल्न आइपुगेका छन्।

दक्षिण कोरियामा करीब अढाई लाख रुपियाँको मासिक तलब, गाडीको सुविधाका साथै क्वार्टर सुविधासमेत प्राप्त गरेर पूर्णरूपले स्थापित भइसकेको अवस्थामा सबै त्याग गरी अनाथालयको विशेष आग्रहमा अनाथालय आइपुगेका सिंहलाई सामान्यभन्दा अलिक पृथक दृष्टिले हेर्नुपर्ने देखिन्छ। साधारण मानिस जहाँ यस्ता सुख-सुविधाका लागि मरिमेट्छन्, दक्षिण कोरियामा रोजगारका लागि पुग्न लालायित हुन्छन्, सिंह ठीकविपरीत देखिएका छन्।

विसं २०५५ मा अनाथालयका बालबालिकाको रेखदेख गर्न बाराको सिमराबाट अनाथालयमा पुगेका थिए सिंह। अनाथालयले खाने, बस्ने र पढ्न पाउने सुविधा प्रदान गरेको थियो। सिंहले अनाथालयमैं बसेर प्रथम श्रेणीबाट एसएलसी उत्तीर्ण गरेका हुन्। साहित्य, सङ्गीत र अध्यात्ममा रुचि भएका सिंहले बनारस विश्वविद्यालय काशीबाट सङ्गीत/तबला विषयमा स्नातक गरेका छन् । यसैगरी, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंजबाट शिक्षाशास्त्रमा स्नातक पनि गरेका छन्। अवसर पाएर दक्षिण कोरिया पुगेका सिंह त्यहाँ पनि फेरि बुद्ध दर्शनमा स्नातक गरेपछि स्नातकोत्तर र विद्यावारिधिसम्मको अध्ययनको यात्रा तय गरेका छन् । विद्यावारिधिको पढाइ रोकेर सिंह पुनः अनाथालयमैं आइपुगेका छन्, अढाई दशक पहिले जुन भूमिकामा थिए।

वैदिक कर्मकाण्ड, योग एवं ध्यानजस्ता विषयमा नेपाल, भारत र दक्षिण कोरियाका विभिन्न स्थानमा अभ्यास गरेका सिंहले एकातिर बौद्ध धर्मको गहन अध्ययन गरेका छन् भने हिन्दू धर्म-दर्शनको पनि राम्रो अध्ययन गरेका छन्। गरुडामा एउटा शक्तिपीठको रूपमा गायत्री मन्दिरको स्थापनामा सिंहको अहम् भूमिका रहेको छ।

नेपाल पुलिस स्कूल गरुडा र न्यु डिभाइन लाइट स्कूलमा लामो समय शिक्षणको अनुभव बटुलेका सिंहलाई करीब दुई दशक पहिले नै अनाथालयको उत्तराधिकारी घोषणा गरिएको थियो। सिंह अध्ययनको लागि बाहिर गएपछि

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ-३०

धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com

**व्यवस्थाको देश**

अमेरिका व्यवस्था भएको देश हो भन्ने गरिन्छ। यस्तो किन भनिएको हो भने अमेरिकामा कुनै पनि कार्य व्यवस्थित किसिमले गरिन्छ। योजनाबद्ध किसिमले गरिन्छ । कम श्रम लगाएर गरिन्छ, बढी प्रतिफल पाउने किसिमले कार्य गरिन्छ । काम गर्दा लागत कम गर्ने प्रयास जहिले पनि गरिन्छ।

कुनै पनि किसिमका कार्य गर्दा वा गरिएका कार्यहरूको अभिलेख राखिन्छ। विकास गरिएको व्यवस्था र राखिएको अभिलेख प्रयोग गरेर सेवाग्राहीलाई बढीभन्दा बढी सेवा प्रदान गरेर अति सन्तुष्ट राख्ने प्रयास गरिन्छ।

उदारणको रूपमा अमेरिकामा यदि कुनै सैलुनमा पुगेर कुनै व्यक्तिले कपाल काट्ने हो भने कपाल काट्ने उक्त व्यक्तिको कपाल कटाइको त्यो सैलुनले अनेक किसिमको अभिलेख राख्छ । कपाल काट्ने व्यक्तिको नाम, टेलिफोन नम्बर, निवासको ठेगाना आदिको अभिलेख राख्छ। साथै उक्त व्यक्तिले कस्तो किसिमको अर्थात् कति लामो वा कति छोटो कपाल काटेको हो भन्ने कुराको पनि अभिलेख राख्छ। कस्तो किसिम (डिजाइन)को कपाल काटेको हो, सोको पनि अभिलेख राख्छ। वर्षभरिमा कतिपटक कपाल काट्यो भन्ने कुराको पनि अभिलेख राख्छ । यदि कपाल रङ्गाएको हो भने कुन रङ्ग भन्ने कुराको पनि अभिलेख राख्छ। यसरी विभिन्न किसिमका अभिलेखहरू राखेर, सेवाग्राहीले कुनै किसिमको जानकारी माग गरेमा, जस्तै पछिल्लोपटक कति सानो गरी कपाल काटेको थियो, त्यस्तो जानकारी पनि दिन्छ।

कपाल काट्ने उक्त सैलुनसँग विभिन्न ग्राहकहरूबारे अनेक किसिमको अभिलेख भएकाले उक्त सैलुनले ग्राहकसम्बन्धी आफूसँग रहेको जानकारी आफ्नो व्यवसाय वृद्धिका लागि प्रयोग गर्न सक्छ। कसरी ? आफ्नो सैलुनमा कुन ग्राहक बढी कपाल काट्न आएको हो भन्ने कुरा अभिलेखबाट पत्ता लगाएर उक्त ग्राहकलाई वर्षमा एक वा दुईपटक निश्शुल्क कपाल काटिदिने ‘कूपन’ पठाउन सक्छ। यसैगरी, धेरैपटक कपाल काट्न आफ्नो सैलुनमा आउने ग्राहकलाई बीस वा तीस प्रतिशत शुल्कमा छुट दिने ‘कूपन’ पठाउन सक्छ।

कपाल काट्ने सम्बन्धमा पनि व्यवस्थाको प्रयोग हुन्छ । र समुचित व्यवस्था प्रयोग गरेर एकातिर सेवा दिने संस्थाले बढी आम्दानी प्राप्त गर्ने प्रयास गर्दछ भने अर्कोतिर आफ्ना ग्राहकलाई सदा सन्तुष्ट राख्ने अनेक उपायको खोजी गर्छ।

अमेरिका व्यवस्था भएको देश हो भन्ने आधार र प्रमाणहरू थुप्रै छन्।

अमेरिका व्यवस्था भएको देश हो भन्ने कुराको पुष्टि यसबाट पनि हुन्छ। अमेरिकाका केही मोटेल (लज)हरूले आफ्ना पाहुना (मोटेलमा बस्न आउने

(बाँकी चौथों पातामा)

# नगरप्रमुखको औचित्यपरक निर्णय

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

“मेरा तीनजना सन्तान छन्। शुरूमा संस्थागत विद्यालयमा नाम लेखाएँ । संस्थागत विद्यालयको शुल्क धान्न सकिने अवस्था छैन । चार/पाँच कक्षापछि क्रमशः सामुदायिक विद्यालयमा नाम लेखाउने योजना छ । सोही अनुसार एकजना बच्चालाई गत वर्ष निजी स्रोतबाट अङ्ग्रेजी माध्यममा पढाइ हुने सामुदायिक विद्यालयमा नामाङ्कन गराइसकेको छु। उक्त सामुदायिक विद्यालयमा मासिक शुल्क एक हजार तिर्नुपर्छ । त्यसैगरी, संस्थागत विद्यालयमा कक्षा १ को मासिक शिक्षण शुल्क रु एक हजार सात सय छ। सन्तान राम्रो विद्यालयमा पढोस्, गुणस्तरीय शिक्षा आर्जन गरोस्, भविष्यमा राम्रो मानिस बनोस् भन्ने कल्पना कसलाई हुँदैन र ? एक छाक कटौती गरेर भएपनि सन्तानको सुन्दर भविष्यको लागि अभिभावकहरू सधैं प्रयत्नशील रहन्छन्। यस वर्षदेखि चारवटा सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा पढाइ हुने घोषणा हुनु मजस्ता न्यून आय भएका अभिभावकहरूका लागि खुशीको कुरा हो। त्यसैले यसै वर्षदेखि संस्थागत विद्यालयमा अध्ययनरत दुवै बच्चालाई अङ्ग्रेजी माध्यमको सामुदायिक विद्यालयमा नामाङ्कन गराउन मन छ।” यो कथा र व्यथा दयानन्द साहको हो। उनी न्यून आयस्रोतको भरमा वीरगंजमा भाडाको कोठा लिएर परिवारसहित बस्छन् । बालबच्चालाई वीरगंजमा पढाउँछन्।

महानगर कार्यालयको निर्णयले साह जस्तै खुशी हुने अन्य थुप्रै अभिभावक हुन सक्छन् । आर्थिक मन्दीका बेला सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा निश्शुल्क पढाइ थालिएपछि अभिभावकहरूको रोजाइमा सामुदायिक विद्यालय पर्ने नै भए।

शिक्षण सेवामुखी पेशा हो। कानूनले तोके बमोजिम प्रक्रिया पूरा गरी निजी शिक्षण संस्था सञ्चालन गर्न मिल्छ। यद्यपि नियम कानूनको अधीन रही सञ्चालन गर्नुपर्ने नियम छ। सामुदायिक विद्यालय शिक्षा ऐन बमोजिम र निजी विद्यालयहरू आफूखुशी सञ्चालन गर्न मिल्ने कानूनी छुट छैन । संस्थागत विद्यालय निजी लगानीमा सञ्चालन हुने भएकोले उनीहरूको मनोपोलीको विरोध गर्न नमिल्ने सामाजिक मनोविज्ञान पाइन्छ। सामाजिक मनोविज्ञान जेसुकै भएपनि नियामक निकायले कानूनको पालना गराउन सक्नुपर्छ। व्यवसायमुखी वा निजी सेवाको नाममा मोनोपोली गर्न पाइँदैन।

संस्थागत विद्यालय भए तापनि अध्ययनरत विद्यार्थीका अभिभावकहरूको भेला, व्यवस्थापन समिति गठन, शिक्षण शुल्क आदि निर्धारण, शिक्षा ऐन बमोजिम शिक्षकको शैक्षिक योग्यता, शिक्षकहरूको नियुक्ति, तहगत तलबमान लगायत विविध प्रक्रिया अवलम्बन गर्नुपर्ने शिक्षा ऐनको मर्म हो । यद्यपि स्वार्थी प्रवृत्तिलाई प्रभावित तुल्याउन सक्ने सम्भावित प्रक्रियालाई हरसम्भव आफू अनुकूल मिलाउने प्रयत्न गरिन्छ । संस्थागत विद्यालयका सञ्चालकहरू गुपचुप तरीकाले कागजी प्रक्रिया मिलाउन आतुर रहन्छन्। पछिल्लो समय संस्थागत विद्यालयहरूलाई लयमा हिंडाउने गरी एकपछि अर्को निर्णय आउने क्रम समाचारहरूबाट अवगत हुन्छ। संस्थागत शिक्षण संस्थाहरूका तर्फबाट सोको प्रभाव विभिन्न स्वरूपमा प्रकटोन्मुख पनि छ । संस्थागत विद्यालयका सञ्चालकहरूको मनोविज्ञान बुझ्नका लागि समाचारहरूमा प्रकाशित केही तथ्य स्मरण गरौं-

**प्रकरण नं १**

संस्थागत शिक्षण संस्थाहरूको मनोमानी शुल्कको विरोध गर्दै आएका अभिभावकहरूको समूहले धर्ना, जुलूस र ज्ञापनपत्र बुझाउनेलगायत समाचारहरू पटक-पटक पढ्न र सुन्न पाइन्छ । अभिभावकहरूको पछिल्लो विरोधको फलस्वरूप वीरगंज महानगर प्रमुखको निर्देशनमा शिक्षा शाखाले तदारुकता देखायो। अन्ततः वीरगंज महानगरभित्र सञ्चालित संस्थागत विद्यालयहरूको वर्गीकरणसहित शुल्क निर्धारण गरेको सूचना जारी भयो। त्यसपछि संस्थागत विद्यालयका तर्फबाट विरोधका स्वर आए। उनीहरूले महानगरको निर्णयको खारेजीको माग गर्दै रिट निवेदन लिएर अदालत गएका खबरहरू प्रकाशित भएका थिए।

**प्रकरण नं २**

वीरगंज महानगर शिक्षा शाखाले संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई शुल्क नतिरेकै कारण परीक्षाबाट वञ्चित नगराउने भन्दै वार्षिक परीक्षा शुरू हुनु अगावै सूचना सार्वजनिक गरेको थियो।

वार्षिक परीक्षा सकिएलगत्तै विभिन्न संस्थागत विद्यालयका शिक्षक शिक्षिकाहरूको समूह ज्ञापनपत्रसहित नगर प्रमुखकहाँ पुगे । नगरप्रमुख राजेशमान सिंहलाई ज्ञापन बुझाएर बक्यौता शुल्क असुल उपर गराउन आग्रह गरेको समाचार प्रकाशित भएको थियो।

ज्ञापनपत्रसहित नगरप्रमुख सम्मुख उपस्थित ती शिक्षकशिक्षिकाहरू शिक्षा ऐन अनुसार शैक्षिक योग्यता पूरा गरेका, नियुक्ति पाएका र तलब तथा सेवा सुविधाहरू पाइरहेका छन् कि छैनन् ? नगर प्रमुखले उनीहरूसँग प्रश्न गर्नु सान्दर्भिक हुन्थ्यो। यी प्रश्नहरूको उत्तरले ज्ञापनपत्रसहित महानगरको कार्यालयमा संस्थागत शिक्षण संस्थाका मालिकहरूको रहस्योद्घाटन हुन सक्थ्यो।

**प्रकरण नं ३**

वीरगंज महानगरपालिका कार्यालय, शिक्षा शाखाले गत चैत २२ गते पाठ्यपुस्तक र पोशाक सम्बन्धमा जारी गरेको सूचनाविपरीत केही संस्थागत विद्यालयहरूले मनोमानी गरिरहेको समाचारहरू प्रकाशित भएका थिए।

महानगरको शिक्षा शाखाले सूचना जारी गरेर संस्थागत विद्यालयहरूले आफ्नो हाताभित्र वा विद्यालयले तोकेकै स्थानबाट सामग्री खरीद गर्न बाध्य नगर्ने नियमनकारी व्यवस्था गरेकोले यस्ता गतिविधि नगर्न नगराउन अनुरोध गरेको थियो। तर केही संस्थागत विद्यालयहरूले महानगरको यो सूचनालाई धोती लगाउँदै पुस्तकको सूची अभिभावकलाई उपलब्ध नगराई सोझै सम्बन्धित पसलमा गएर सम्पर्क गर्न अऱ्हाएका र केहीले मौखिक र पुस्तक पसलेको कार्डसमेत वितरण गरेका अभिभावकहरूले गुनासो गरेको समाचारहरू प्रकाशमा आएका थिए । यस सम्बन्धमा संस्थागत विद्यालयहरूका तर्फबाट प्रतिक्रिया सार्वजनिक भएको पाइँदैन।

**प्रकरण नं ४**

२०७९ चैत २७ गतेको निर्णय अनुसार वीरगंज महानगरपालिका कार्यालय शिक्षा महाशाखाले नयाँ शैक्षिक सत्रदेखि चारवटा विद्यालयमा अङ्ग्रेजी माध्यमबाट शिक्षण शुरू गर्ने भन्दै सूचना जारी गऱ्यो । सूचना अनुसार वीरगंज महानगरले त्रिजुद्ध, माईस्थान विद्यापीठ, नृसिंह मावि र सिद्धार्थ माविमा अङ्ग्रेजी माध्यमबाट शिक्षण व्यवस्था लागू गरेको छ। ती विद्यालयहरूले निश्शुल्क अङ्ग्रेजी माध्यमबाट अध्यापन गराउनुपर्ने महानगरको निर्णय छ।

निजी शैक्षिक संस्थाहरू जहिले पनि सरकारी शैक्षिक संस्था धाराशायी होस् भन्ने चाहन्छन्। यसैमा उनीहरू आफ्नो पुरुषार्थ ठान्छन्। महानगरको उपरोक्त निर्णय संस्थागत विद्यालयहरूका लागि मनोवाञ्छित नभए पनि सोको विरोध गर्ने अधिकार उनीहरूसँग छैन । यो निर्णयले मानसिक छटपटी भए तापनि सार्वजनिकरूपमा व्यक्त गर्न नमिल्नेवेदना उनीहरूसँग हृदयमैं पुरिनुको विकल्प छैन।

**प्रकरण नं ५**

अङ्ग्रेजी माध्यम बनाइएका चारवटै विद्यालयका नेपाली माध्यममा अध्ययनरत विद्यार्थीहरूले घटना नं ४ मा उल्लिखित निर्णयविरुद्ध प्रदर्शन गरेका समाचार आयो । विद्यार्थीहरूले महानगरको निर्णय अव्यावहारिक भएको भन्दै खारेजीको माग गर्दै विरोध जनाए।

अङ्ग्रेजी माध्यमबाट अध्यापन गराइने विद्यालयमा नयाँ शैक्षिक सत्रदेखि नेपाली माध्यमबाट अध्यापन नहुने र नेपाली माध्यमबाट चार विद्यालयमा आठ हजारभन्दा बढी विद्यार्थी अध्ययन गरिरहेकाले उनीहरूको अध्ययन प्रभावित हुने विरोध प्रदर्शनमा सहभागी विद्यार्थीहरूको गुनासो थियो।

झन्डै आठ हजार विद्यार्थीहरूको मानसपटलमा अध्ययनरत विद्यालयमा पढ्न नपाइने व्यग्रता पलाउनु स्वाभाविक थियो । महानगरको आजको निर्णय भविष्यमा समाजकै लागि फलदायी हुने कुरा कलिलो मस्तिष्कमा पलाउने कुरै भएन। यद्यपि ओझेलमा रहेका तत्त्वहरू विद्यार्थीहरूले विराध प्रदर्शन गरिरहँदा पक्कै पनि खुशी भएका होलान्।

**निर्णयको सान्दर्भिकता**

प्रकरण नं ५ को सन्दर्भमा आम जिज्ञासा उत्पन्न हुनु स्वाभाविक छ । पहिलो, पहिलेदेखि नेपाली माध्यममा अध्ययनरत विद्यार्थीहरू अब कहाँ पढ्ने ? दोस्रो, उनीहरूको लागि विकल्प छ वा छैन ? र यो निर्णयले बढी तनावग्रस्त को भएको होला ?

उपरोक्त प्रश्नहरू उपर विचार गर्दा नेपाली माध्यममा अध्ययनरत विद्यार्थीहरू बढी प्रभावित भएका देखिन्छन्। यद्यपि नेपाली माध्यममा पढाइ हुने सामुदायिक विद्यालय छैनन् भन्ने होइन । श्रीपुर विद्यापीठ, रेल्वे मावि, सुरजीदेवी मावि, त्रिभुवन हनुमान मावि र छात्राहरूका लागि कन्या मावि आदि अनेक विकल्प उपलब्ध छन्।

अनुमानतः विद्यार्थीहरूभन्दा संस्थागत शिक्षण संस्थाका सञ्चालकहरू बढी तनावग्रस्त हुन सक्छन् । किनभने यस वर्ष आफ्ना सन्तानलाई संस्थागत विद्यालयमा भर्ना गर्ने मन बनाएका नयाँ विद्यार्थीका अभिभावकहरूमध्ये सम्भवतः अङ्गेजी माध्यमका सामुदायिक विद्यायलमा भर्ना गराउने सम्भावना बढी छ । यसको अलावा संस्थागत विद्यालयमा पहिलेदेखि अध्ययनरत विद्यार्थीहरूका अभिभावकमध्ये संस्थागत विद्यालयहरूको चर्को शुल्कबाट आजित दयानन्द साह जस्तै कतिपय अभिभावक आफ्ना सन्तानलाई सामुदायिक विद्यालयमा भर्ना गराउने सम्भावना पनि

(बाँकी पाँचौं पातामा)

# शास्त्रीय मर्यादा उल्लङ्घन गरी प्राप्त वस्तु सुखद हुँदैन

पूर्वकालको कुरा हो, गौतमीको उत्तर तटमा आत्रेय नामक ऋषि बस्दथे। उनले अनेक ऋत्विज मुनिहरूसँग सत्र आरम्भ गरे। त्यसमा हव्यवाहन अग्नि पनि हुन्थ्यो। सत्र पूरा भएपछि महर्षिले माहेश्वरी इष्टिका अनुष्ठान गरे। यसबाट अणिमा आदि आठ प्रकारका ऐश्वर्य तथा सर्वत्र आउने–जाने शक्ति उनले प्राप्त गरे। एक समय उनी इन्द्रलोकमा गए। त्यहाँ उनले देवताहरूबाट घेरिएको इन्द्रलाई देखे, जुन अप्सराहरूको उत्तम नृत्य हेरिरहेका थिए। सिद्ध र साध्यगण उनको स्तुति गरिरहेका थिए। यी सबै देखेर पुनः उनी आफ्नो आश्रम फर्किए र आफ्नो प्रियासँग भने– "देवी ! अब म उत्तमभन्दा उत्तम फल–मूल, चाहे त्यो जति नै राम्रो ढङ्गले किन बनेको नहोस्, खान सक्दिनँ। मलाई त स्वर्गलोकको अमृत, परम पवित्र भक्ष्य–भोजन, श्रेष्ठ आसन, स्तुति, दान, सुन्दर सभा, अस्त्रशस्त्र, मनोहर वस्त्र, अमरावतीपुरी र नन्दनवनको याद आइरहेको छ।"

यति भनेर महात्मा आत्रेयले तपस्याको प्रभावबाट विश्वकर्मालाई बोलाए र यस प्रकार भने– "महात्मन् ! म इन्द्रको पद चाहन्छु। तपाई चाँडै नै यहाँ इन्द्रपुरीको निर्माण गर्नुस्। यसको विपरीत यदि तपाईले कुनै कुरा मुखबाट निकाल्नुभयो भने म निश्चय नै तपाईलाई भस्म गरिदिन्छु।"

आत्रेयले यो भनेपछि प्रजापति विश्वकर्माले तत्काल त्यहाँ मेरुपर्वत, देवपुरी, कल्पवृक्ष, कल्पलता, कामधेनु, वज्र आदि मणिबाट विभूषित, सुन्दर तथा अत्यन्त चित्रकारी गरेको घर बनाए। यतिमात्र होइन, उनले सर्वाङ्गसुन्दरी शचीको पनि आकृति बनाए। क्षणभरमै सुधर्मा सभा,



मनोहारिणी अप्सरा, उच्चैःश्रवा अश्व, ऐरावत हात्ती, वज्र आदि अस्त्र र सम्पूर्ण देवताहरूको निर्माण गरे। उनको पत्नीले नचाहेर पनि आत्रेयले शचीको समान रूपवान् त्यस स्त्रीलाई आफ्नो भार्या बनाए। वज्र आदि अस्त्रको पनि धारण गरे। नृत्य र सङ्गीत आदि सबैथोक त्यहाँ त्यसै प्रकार हुन थाल्यो, जुन प्रकार इन्द्रपुरीमा उनले देखेका थिए। स्वर्गलोकको सम्पूर्ण सुख पाएर मुनिवर आत्रेयको चित्त निकै प्रसन्न भयो। उता दैत्य र दानवले जब स्वर्गको वैभव पृथ्वीमा उत्रिएको सुने, तब उनीहरू निकै रिसाए। उनीहरू परस्पर भन्न थाले– "के कारण हो कि इन्द्र स्वर्गलोक छाडेर पृथ्वीमा सुख भोग्नको लागि आएको छ? हामी सबै अहिले वृत्रासुरको वध गर्ने त्यस इन्द्रसँग युद्ध गर्न जाऔं।"

यस्तो निश्चय गरेर असुरहरूले त्यहाँ आएर महर्षि आत्रेयद्वारा निर्मित इन्द्रपुरीलाई पनि घेरे। यसबाट भयभीत भएर आत्रेयले भने– "म इन्द्र होइन। मेरो यो भार्या पनि शची होइन। न त यो इन्द्रपुरी हो र न यहाँ इन्द्रको नन्दनवन छ। इन्द्र त स्वर्गमा नै छन्। म त वेदवेत्ता ब्राह्मण हुँ र ब्राह्मणहरूसँग गौतमीको तटमा निवास गर्छु। दुर्दैवको प्रेरणाबाट मैले यो कर्म गरे, जुन न त वर्तमानकालमा सुख दिन्छ, न त भविष्यमा दिन्छ।"

असुरले भने– "मुनिश्रेष्ठ आत्रेय ! यो इन्द्रको अनुकरण छाडेर यहाँका सबै वैभव हटाउ, तबमात्र तिमी कुशलतापूर्वक रहन सक्छौ, नत्र सक्दैनौ।"

तब आत्रेयले भने– "म अग्निको शपथ खाएर सत्य–सत्य भन्छु– तपाईहरूले जस्तो भन्नुभएको छ, त्यस्तै गर्छु।" दैत्यहरूलाई यति भनेर उनी पुनः विश्वकर्मासँग भने– "प्रजापते ! तपाई मेरो प्रसन्नताको लागि जुन इन्द्रपदको निर्माण गर्नुभएको थियो, यसको पुनः उपसंहार गर्नुस् र यस्तो गरेर मलाई पुनः ब्राह्मण मुनिको रक्षा गर्नुस्। मलाई पुनः त्यही आश्रम फर्काइदिनुस्, जहाँ मृग, पक्षी, वृक्ष र जल होस्। मलाई यी दिव्य भोगहरूको कुनै आवश्यकता छैन। मलाई यस कुराको बोध भयो कि शास्त्रीय मर्यादालाई उल्लङ्घन गरेर प्राप्त गरिएको कुनै पनि वस्तु सुखद हुँदैन।"

"धेरै राम्रो" यति भनेर प्रजापतिले त्यस इन्द्रपुरीलाई फिर्ता लिए। आत्रेय पनि गौतमी तटमा बसेर पुनः तपस्यामा संलग्न भए। –ब्रह्मपुराण

# सेरीबेलम–२


वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**सेरीब्रमले कामको सुरताल मिलाउँछ, सिलाइबुनाइ वा सङ्गीतको राग निकाल्ने औंलाको गति नियमन गर्छ, आँखाको गति नियमन गर्छ। अतः हामी हिंड्छौं वा स्थिर उभिन्छौं वा आँखा चलाउँछौं ती सबै कामको शुरुआत सिरेब्रमले गर्छ तर त्यसलाई लगातार चलाइराख्ने काम सेरीबेलमले गर्छ।**

गताङ्कमा सेरीबेलमको ग्रे मैटर अर्थात् न्युक्लियसहरूको मात्र विवरण प्रस्तुत गरिएको थियो। यस अङ्कमा सेरीबेलमको ह्वाइट मैटर अर्थात् नर्भ फाइबरहरूको, सेरीबेलमको कार्य र सेरीबेलममा हुने बिमारी वा चोटपटकको के परिणाम हुन्छ त्यसको विवरण प्रस्तुत गरिने छ। पाठकवृन्द अरुचिकर विवरणले आत्तिने



कुरा बिल्कुल छैन। ब्रेनको यही त खुबी हुन्छ। आद्योपान्त पढेपछि उसले ग्राह्यलाई स्मृतिमा टिपेर राख्छ र अग्राह्यलाई फालिदिन्छ। पाठक यस कारण यस लेखबाट लाभान्वित नहुने कुरै छैन।

**ह्वाइटमैटर :** अहिलेसम्म हामीलाई थाहा भइसकेको कुरा हो कि ह्वाइटमैटर भनेको के हो? ब्रेनको कुनै पनि भागमा आउनेजाने नर्भ फाइबरको जाल नै त हो ह्वाइटमैटर। न्युक्लियसहरूको रङ खैरो हुने हुनाले यसको नाम ग्रेमैटर रहन गयो र नर्भ फाइबरहरूको रङ सेतो भएकोले ह्वाइटमैटर नाम भयो। यी नर्भ फाइबरमा आउने नर्भलाई एफेरेन्ट र जाने नर्भलाई इफरेन्ट नर्भ भनिन्छ। एउटै नर्भ फाइबर एफेरेन्ट र इफरेन्ट दुवै हुन्छ। कसरी? मानौं सिरेब्रमबाट एउटा नर्भ फाइबर सेरीबेलममा आउँछ। त्यो सिरेब्रमको लागि इफरेन्ट भयो किनभने त्यसबाट त्यो गइरहेको छ। सेरीबेलमको लागि त्यही फाइबर एफेरेन्ट भयो किनभने त्यसमा त्यो आइरहेको छ। सेरीबेलममा एफरेन्ट र इफरेन्ट दुवै फाइबरहरूलाई तीन भागमा वर्गीकरण गरिन्छ : १. प्रोजेक्शन फाइबर,२. एसोसिएशन फाइबर र ३. कमिसरल फाइबर। पहिलो वर्गमा सेरीबेलमबाट बाहिर जाने वा त्यसभित्र आउने फाइबर हो जसले सिएनएसको अन्य भागसँग सेरीबेलमलाई जोड्ने काम गर्छ। यसमा एफरेन्ट र इफरेन्ट दुवै हुन्छ र सबै तीनवटा बन्डलमा सजाइएको हुन्छ : इनफेरियर सेरीबेलम बन्डल वा पेडंकल, मिड्ल सेरीबेलम बन्डल वा पेडंकल र सुपेरियर सेरीबेलम बन्डल वा पेडंकल। पहिलो सेरीबेलम र मेड्युलाको बीच हुन्छ। यसमा मुख्यतः एफेरेन्ट फाइबर हुन्छ, जसले स्पर्श, प्रोपायोसेप्टर र भेस्टिबुलर एपेरेट्सबाट संवेदना सेरीबेलममा पुऱ्याउँछ। यसलाई रेस्टिफर्म बडी पनि भनिन्छ। दोस्रो बन्डल सेरीबेलम र पोन्सबीच हुन्छ। यसलाई ब्रेकियापोन्टिस पनि भनिन्छ। यसमा मुख्यतः एफेरेन्ट र कमिसरल फाइबर हुन्छ, जसले सेरीबेलमकै दुवै लोबलाई जोड्छ। र तेस्रो बन्डलले सेरीबेलम र मिड्ब्रेनलाई जोड्छ। यसलाई ब्रेकिया कन्जक्टिभाइटी पनि भनिन्छ। यसमा मुख्यतः इफरेन्ट फाइबर हुन्छ र सेरीबेलमको सूचना आँखामा पुऱ्याउने काम गर्छ। यो भयो प्रोजेक्शन फाइबरको विवरण। **२. एशोसिएशन फाइबर :** यसले सेमसाइडको सेरीबेलमको विभिन्न भागलाई जोड्ने काम गर्छ। **३. कमीसरल फाइबर :** यसले सेरीबेलमको दुवैतिरको भागलाई जोड्ने काम गर्छ।

**भेस्टिबुलोसेरीबेलम :** यसले सेरीबेलमको सम्बन्ध भेस्टिबुलर अपरेटससँग गरेको हुनाले यो नाम परेको हो। विकास क्रममा पुरानो भएको हुनाले यसलाई आर्कीसेरीबेलम पनि भनिन्छ र यसले नै पोस्चर र वैलेन्सलाई मेन्टेन गर्छ।

**पैलियोसेरीबेलम वा स्पाईनोसेरीबेलम :** यो पनि विकास क्रममा पुरानो भाग नै हो। यो संवेदना ग्रहण गर्ने सेरीबेलमको मुख्य र ठूलो भाग हो। सेरीबेलमको मेडियल भाग यसको हिस्सा हो। यसका कनेक्शन निम्नलिखित हुन्– एफेरेन्टमा : डोर्सल स्पाईनोसेरीबेलर ट्रैक्ट, लैटरल स्पाइनोसेरीबेलर ट्रैक्ट, क्युनियोसेरीबेलर ट्रैक्ट, ओलिभोसेरीबेलर ट्रैक्ट, पोन्टोसेरीबेलर ट्रैक्ट, टेक्टोसेरीबेलर ट्रैक्ट र ट्राइजेमिनोसेरीबेलर ट्रैक्ट। त्यस्तै इफरेन्ट ग्रुपमा : फेस्टिजियाबल्वर, सेरीबेलोरेटिकुलर र सेरीबेलोओलिभरी ट्रैक्ट पर्छ। तर भ्रम नहोस्, नर्भफाइबर जहाँबाट शुरू हुन्छ त्यसको नाम पहिले र जहाँ जान्छ त्यसको नाम अन्तमा आउँछ।

**कोर्टिकोसेरीबेलम :** यसलाई नियोसेरीबेलम पनि भनिन्छ। विकास क्रममा यो सबैभन्दा नयाँ तर सेरीबेलमको सबैभन्दा ठूलो भाग हो। सिरेब्रलकार्टेक्स सँग जोडिएको हुनाले यसलाई कोर्टिकोसेरीबेलम वा सिरेब्रोसेरीबेलम पनि भनिन्छ। यसले मिहिन कामहरूको प्लानिङ, प्रोग्रामिङ र सम्पादनमा सहयोग गर्छ। सेरीबेलमको लैटेरल भाग यसको हिस्सामा पर्छ। यसका एफरेन्ट कनेक्शनमा : पोन्टोसेरीबेलर र ओलिभोसेरीबेलर ट्रैक्ट तथा इफरेन्टमा : डेन्टेटोथैल्मिक र डेन्टेटोरुब्रल ट्रैक्ट आउँछ।

सेरीबेलमका कार्य : गताङ्कमा हामी कसरी हिंड्छौं त्यसको तालमेल मिलाउने काम सेरीबेलमले गर्छ भन्ने थाहा पायौं। अतः विस्तारमा मुख्यतः यसको काम बुँदागतरूपमा निम्न अनुसार राख्न सकिन्छ।

–यसले शरीरको पोस्चर मेन्टेन गर्छ, मांसपेशीको टोन अथवा कसावलाई मेन्टेन गर्छ, सेरीब्रमले शुरू गरेको कामको सुरताल मिलाउने काम गर्छ, मिहिन काम अर्थात् सिलाइबुनाइ वा सङ्गीतको राग निकाल्ने औंलाको गतिलाई नियमन गर्छ, आँखाको गति नियमन गर्छ। अतः हामी हिंड्छौं वा स्थिर उभिन्छौं वा आँखा चलाउँछौं ती सबै कामको शुरुआत त सिरेब्रमले गर्छ तर त्यसलाई लगातार चलाइराख्ने काम सेरीबेलमले गर्छ। स्पीचको नियमन गर्नुको साथै यसले डर र सुखदुःखलाई पनि नियमन गर्छ।

अब हामी यो हेर्नेछौं कि सेरीबेलमको बिमारी र दुर्घटना आदि कसरी र उसका के के मुख्य परिणाम हुन्छ? सेरीबेलमको कार्यमा कमी ट्युमर, अब्सेस र दुर्घटनामा देखिन्छ। धेरै अल्कोहल लिनु र बुढ्यौलीमा सेरीबेलर न्युक्लियस, पेडंकल र स्पाइनोसेरीबेलर ट्रैक्टको डिजेनेरेशनले पनि हुन्छ। सामान्यतः यसले गर्दा पोस्चर, सन्तुलन र गतिशीलतामा बदलाव देखिन्छ। यो बदलाव, इन्ज्युरी भएकै साइडमा हुन्छ किनभने सेरीबेलमको कन्ट्रोल इप्सिलैटरल अर्थात् सेमसाइडका अङ्गमा हुन्छ जबकि सेरीब्रमको कमाण्ड कन्टेरालैटरल अर्थात अर्को साइडमा हुन्छ। मतलब यो कि सेरेब्रमको बायाँ भाग प्रभावित भएमा शरीरको दाहिने भागमा लकवा हुन्छ तर सेरीबेलमको बायाँ भाग प्रभावित भएमा शरीरको बायाँ भागमा नै लकवा हुन्छ।

**१. पोस्चर र मांसपेशीको टोन अथवा कसावमा बदलाव :** यसमा मांसपेशीको टोन बिल्कुलै खत्म हुन्छ अथवा केही कम हुन्छ। पहिलोलाई एटोनिया र दोस्रोलाई हाइपोटोनिया भनिन्छ।

**२. एटिच्युड अथवा भावभङ्गिमाको बदलावः** केवल एक साइडमा बिमारी भएमा : टाउको प्रभावित नभएको भागतिर झुक्छ। सोल्डरज्वाइन्ट बिमारी भएको साइडमा तल झरेर जान्छ। खुट्टाको एब्डक्शन हुन्छ अर्थात् दुवै खुट्टा बाहिरतिर फैलिन्छ। आँखा बन्द गरेर पाखुरा पसाऱ्यो भने प्रभावित अङ्गतिरको पाखुरा केन्द्रतिर ल्याउन सकिँदैन। अर्थात् प्रभावित पाखुरालाई प्रभावित नभएको पाखुरासित मिलाउन सकिँदैन। पूरै शरीर प्रभावित भागतिर झुक्छ, जसलाई स्कोलियोसिस भनिन्छ। घुँडालाई हैमरले हिर्कायो भने खुट्टा मास्तिर जान्छ तर स्वाभाविकरूपले पुनः पूर्व स्थानमा आउनु पर्नेमा त्यसो हुँदैन बरु माथि नै पेन्डुलम जस्तो घुमिरहन्छ। ३. सन्तुलनमा बदलाव : सीधा खडा हुँदा खुट्टा फट्टिन्छ र हिंड्दा अत्यधिक रक्सी खाएको मान्छेजस्तो चाल हुन्छ। ४. गतिशीलतामा बदलाव : हिंड्दा कुनै सुरताल मिल्दैन जसलाई एटेक्सिया भनिन्छ। मांसपेशीको कमजोरीले छिट्टै थकाइ लाग्छ, जसलाई एस्थेनिया भनिन्छ। सेरीबेलमले नै ठीक कति बल र शक्तिले पाइला चाल्नुपर्ने कुराको नियमन गर्छ। बिमारीले गर्दा यो शक्ति कम हुने ठाउँमा बढी र बढी हुनुपर्नेमा कम भएर जान्छ। कम भएको अवस्थालाई हाइपोमेट्रिया र बढीलाई हाइपरमेट्रिया भनिन्छ। यसको अतिरिक्त मान्छे राम्ररी बोल्न सक्दैन, जसलाई डिस्थेरिया भनिन्छ। मान्छेले हत्केलालाई माथि तल घुमाउन सक्दैन अर्थात् सुपाइनेशन र प्रोनेशन गर्न सक्दैन। यसको अलावा इन्टेन्शन ट्रेमर पनि देखिन्छ। मतलब जबजब तपाई हातले कुनै काम गर्न चाहनुहुन्छ तबतब हात र औंला काम्न थाल्छ। काम गर्न चाहनुहुन्छ तर गर्न सक्नुहुन्न। त्यसकारण यसलाई इन्टेन्शन ट्रेमर भनिन्छ। अस्तु !

एकजना बालकलाई उसको पिताले विद्याध्ययनको लागि गुरुकुल पठाए। गुरुकुलमा बालकले विद्या ग्रहण गर्न थाले। एक दिन गुरुजीले बालकलाई पाठ याद गर्न दिए तर धेरै प्रयत्नपछि पनि उसले पाठ याद गर्न सकेन। गुरु निकै रिसाए र उनलाई दण्ड दिन छडी उठाए। बालकले हात अगाडि थापेपछि गुरुजीको रिस शान्त भयो र उनले भने– तिम्रो हातमा विद्याको रेखा नै छैन, यसैले तिमीलाई पाठ याद भइरहेको छैन।

यो कुरा सुनेपछि बालकले तीखो ढुङ्गा उठाएर आफ्नो हातमा रेखा बनाए। त्यही बालक पछि गएर संस्कृतका प्रख्यात विद्वान् पाणिनिको नामबाट प्रसिद्ध भए।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैँचा, वीरगंज

कम बोल्नुस्, मीठो बोल्नुस्, सहनशीलता बढाउनोस्, नम्रता बढाउनोस्, यसबाट जुन साधना गरिरहनुभएको छ, त्यसबाट कमाउनुभएको साधनाको पूँजी नाश हुँदैन बचिरहन्छ। काम, क्रोध, लोभ, मोह आएर साधनाको नाश गरिदिन्छन्। त्यही भएर साधक जहाँबाट हिंडेको थियो, त्यही आइपुग्छ। साधनाबाट जति कमाइ गरेको छ, त्योभन्दा बढी खर्च हुन जान्छ। साधनाबाट गरेको कमाइ कमभन्दा कम खर्च गऱ्यो भने मात्र साधनारूपी पूँजी बचत हुन्छ र बढ्दै बढ्दै जान्छ। सत्सङ्ग गर्नु, भगवान्को भक्ति गर्नु, साधनाको कमाइ हो। यो कमाइमा गडबड हुन नपाओस् भनेर सावधान हुनुपर्छ। यो गडबडी संसारमा जाने बित्तिकै हुन थाल्छ। संसारमा जाने बित्तिकै राग र द्वेष दुईवटा बिमारीले समातिहाल्छ। कहीं माया र कहीं दुश्मनीको भावनाले गर्दा अर्कोमा दोष देख्नेको भावना त्यो फोहोरभित्र पस्यो भनेर जान्नुपर्छ।

शरीरको लागि घर जरुरी छ, शरीरको लागि पर्खाल पनि जरुरी छ। तर आत्माको लागि न घर जरुरी छ, न पर्खाल जरुरी छ। अचम्म त यो छ कि जोसँग शरीर लुकाउने घर छैन, उनीहरूले पनि आफ्नो आत्मालाई लुकाउनको लागि पर्खाल र घर बनाएर राखेका छन्। जो खुला आकाशको मुनि सुत्छन्, उनीहरूको आत्मा पनि आकाशमा उड्दैन। जसको शरीरमा वस्त्र छैन, उनीहरूले झन् आफ्नो आत्माको लागि फलामको वस्त्र लगाएर बसेका छन्। तापनि मानिसहरू सोध्ने गर्छन्, हामी दुःखी किन छौं? हामी पीडित किन छौं? अन्तमा उनीहरू सोध्छन्, आनन्द कहाँ पाइएला? यहाँ नेर बुझ्नुपर्ने कुरा के छ भने परतन्त्र मानिस कहिल्यै पनि आनन्दित हुन सक्दैन, उसले सत्यलाई कहिल्यै जान्न सक्दैन।

मानिस पूर्णिमाको रातमा पनि घरभित्रको मधुरो उज्यालोमा अलमलिइरहन्छ। उसलाई झ्याल, ढोकाको बाहिर चन्द्रमाको अनन्त आलोक प्रतीक्षा गरिरहेको छ भन्ने थाहै हुँदैन। उसले आफ्नो घरको झ्याल, ढोका खोल्ना साथ चन्द्रमाको प्रकाश भित्र पस्न सक्छ। जुन मानिस मतको, सिद्धान्तको, शास्त्रको टुकी बालेर कोठाभित्रै बसिरहन्छन्, उनीहरू चन्द्रमाको अनन्त प्रकाशबाट वञ्चित रहन्छन्। जब मानिसले मतको, शास्त्रको, सिद्धान्तको टुकी निभाइदिन्छ, तब सत्यको प्रकाश भित्र प्रवेश गर्छ। जुन मानिसले जीवनमाथि आफ्नो पकड छोडिदिन्छ, उसमाथि परमात्माको पकड शुरू हुन्छ। जुन मानिसले सबैको सहारालाई छोडिदिन्छ, उसलाई परमात्माको सहारा मिल्न शुरू हुन्छ। बेसहारा हुनु नै परमात्माको सहारा पाउने बाटो हो। सबै बाटा छोडेपछि मात्र परमात्माको बाटोमा पुगिन्छ। सबै शब्द, सबै सिद्धान्तबाट मुक्त भएपछि मात्र परमात्माको वाणी सुन्न सकिन्छ।

धेरै मानिसले सोध्ने गर्छन्– जीवन कहाँ छ? त्यो हेर्न सकिंदैन, लुकेर बसेको छ। त्यो त हामी आफैंभित्र, आफ्नै जराभित्र लुकेर बसेको छ। जुन बाहिर बाहिर देखिएको छ, ती सबै उसका हाँगाहरू तथा पातहरू मात्रै हुन्। अदृश्य ठाउँ, हृदय गुफाभित्र, जहाँ केही देखिँदैन, जहाँ घोर अन्धकार छ, त्यहाँ जीवनका जराहरू छन्। जीवन बाहिर छैन, जीवन भित्र छ, यो कुरा बुझ्न जरुरी छ। जीवनको विस्तार बाहिर छ, उसको प्राण भित्र छ। फूल बाहिर फुलेका छन्, तर फूल फुलाउन रस तान्ने जरा भित्र छ।

राम्रा–राम्रा घर बनाए पनि, ठूला र फराकिला बाटाहरू बनाए पनि, राम्रो शिक्षा दिए पनि, जति राम्रा विद्यालय भवन बनाए पनि, जति विज्ञानको विस्तार गरे पनि किन मानिसको अनुहार मा मुस्कान छैन? किन मानिसको आँखाबाट शान्ति हराएको छ? किन मानिसको हृदयमा फूल फुल्दैन? किन मानिसको जीवनमा सङ्गीतको झङ्कार सुनिँदैन? किन मानिसको जीवनमा उदासीपन छाएको छ? किनकि मानिसमा जुन ताजापन हुनुपर्थ्यो, त्यो छैन। मानिस भित्रभित्रै ओइलाउँदै गएको छ। उसले जीवनको खोज बाहिर बाहिर गरिरहेको छ। जसलाई हामी भौतिकवादी भन्छौं, उनीहरू त जीवनलाई बाहिर खोजिरहेका छन्, तर हामी जसलाई अध्यात्मवादी भन्छौं, उनीहरू पनि बाहिरै खोजिरहेका छन्। भौतिकवादीहरू त मान्छन् कि भित्र छँदै छैन, भित्र कोरा शब्द मात्र छ। तर यो कुरा सही छैन किनकि जसको बाहिर हुन्छ, त्यसको भित्र पनि अवश्यै हुन्छ। यो असम्भव छ कि जसको बाहिर होस् तर भित्र नहोस्। हामी सामान्य कुरालाई नै हेरौं न, घरको बाहिरी पर्खाल छ भने अवश्य नै त्यसको भित्री पर्खाल हुन्छ। भित्रलाई छेक्ने, भित्रलाई घेर्नलाई नै बाहिर भनिन्छ। भित्र नभई बाहिर हुँदै हुँदैन। क्रमशः

## दी अमेरिकन ...

ग्राहक)सम्बन्धी अनेक जानकारीहरूको अभिलेख राख्छन्। कुनै पाहुना वर्षमा कतिपटक आफ्नो मोटेलमा आयो, कुन दिशामा र कुन कोठामा बस्यो, धूम्रपान गर्ने हो वा होइन, बसेको कोठाको तापक्रम कति राखेको थियो आदि जानकारी त्यो मोटेलले राख्न सक्छ। र पाहुनाको रुचि अनुसारको सेवा प्रदान गर्न सक्छ। मोटेलले ग्राहकसम्बन्धी राखेका जानकारीले ग्राहकलाई सन्तुष्ट पार्नेगरी सेवा प्रदान गर्न सहयोग पुऱ्याउँछ।

अमेरिका व्यवस्था भएको देश हो भन्ने कुराको थप पुष्टि यस्तो चलनले पनि गर्न सक्छ। यदि कुनै व्यक्तिलाई कुनै संस्था (बैंक, व्यापारिक संस्था)ले कुनै जानकारी प्रदान गर्न उसको निवास वा बसोवास भएको स्थलमा चिठी पठाएको छ र एक पाने त्यो चिठीको केवल अग्रभागमा मात्र सूचना वा जानकारी लेखिएको छ र पृष्ठभागमा केही पनि लेखिएको छैन भने चिठी पठाउने संस्थाले चिठी प्राप्तकर्तालाई अलमल नहोस् भनेर 'यो पत्रको पृष्ठभागमा केही पनि लेखिएको छैन र जानाजानी नै खाली राखिएको हो' भनेर लेखिदिने गर्दछ। र यसरी पत्र पठाउने संस्थाले जानकारीलाई पूर्ण, प्रभावकारी र व्यवस्थित तुल्याउने प्रयास गर्छ।

अमेरिकालाई धनी बनाउन अनेक कार्य गर्नका लागि प्रयोग गर्ने व्यवस्थाले महत्वपूर्ण भूमिका खेलेको छ। हुन पनि भुइँ पुछ्न, शौचालय सफा गर्न, फोहर फाल्न पनि अमेरिकामा व्यवस्थाको प्रयोग हुन्छ।

# अन्तर्राष्ट्रिय समाचार

## ११ वर्षीया बालिकाद्वारा तीनवटा बाल पुस्तकालय स्थापना



बाल पुस्तकालय उद्घाटन कार्यक्रममा आकर्षणा सतीशलगायत। तस्वीरः एएनआई

हैदराबाद, १५ वैशाख/एएनआई

११ वर्षीया आकर्षणा सतीशले हैदराबादमा तीनवटा बाल पुस्तकालय स्थापना गरेकी छन्। आफ्ना छिमेकी, सहपाठी र परिवारका सदस्यहरूबाट चार हजार ८३४ वटा पुस्तक सङ्कलन गरेर उनले पुस्तकालय स्थापना गरेकी हुन्।

एमएनजे बाल क्यान्सर अस्पताललाई एक हजार ३६ वटा, सन्तनगर प्रहरी कार्यालयलाई ८२९ र किशोरी बालगृहलाई ६२५ पुस्तक प्रदान गरेर उनले पुस्तकालय स्थापना गरेकी हुन्। गत बुधवारदेखि ती पुस्तकालय सञ्चालनमा आएका छन्। प्रान्त सरकारका प्रशासन र प्रहरीका उच्च अधिकारीबाट ती पुस्तकालयको उद्घाटन भएको छ।

कोरोना महामारीका बेला आफूले आफन्त, छिमेकी र विद्यालयका सहपाठीबाट पुस्तक सङ्कलन गरेको आकर्षणाले बताएकी छन्। उनले स्थापना गरेका पुस्तकालयमा अधिकांश तेलगु भाषाका पुस्तक छन् भने अङ्ग्रेजी र हिन्दीका पुस्तक पनि त्यहाँ राखिएका छन्। आफ्ना पिताजीको प्रेरणाबाट आफूले पुस्तकालय स्थापना गरेको उनले एएनआईलाई बताइन्। खाजा खर्च जोगाएर उनले सेनेटरी प्याड पनि कन्या सुधारगृहलाई प्रदान गरेकी छन्।

पुस्तकालय नभएका स्थानमा पुस्तक दान गरेर पुस्तकालय स्थापना गरेकी आकर्षणाप्रति भारतीय प्रहरी सेवाकी शिखा गोले आभार व्यक्त गरेकी छन्। कन्या बाल सुधारगृहमा पुस्तकालयको उद्घाटनपछि उनले भनिन्। रासस

## राजनीतिक अस्थिरताले पाकिस्तानमा अपराध बढायो –आयोग

इस्लामाबाद, १५ वैशाख/एएनआई

देशको वर्तमान अवस्थालाई लिएर पाकिस्तानको मानव अधिकार आयोगले चिन्ता व्यक्त गरेको छ।

राजनीतिक दलका कार्यकर्तालाई बलपूर्वक बेपत्ता पार्ने तथा उनीहरूमाथिको कारबाईलाई तीव्र पारिएकामा आयोगले चिन्ता व्यक्त गरेको हो। धार्मिक अल्पसङ्ख्यक, तेस्रो लिङ्गी, ईश्वरको अनादर तथा अस्थिरता सिर्जना हुने उत्तेजक गतिविधिका कारण देशमा हिंसा बढेको बुधवार सार्वजनिक गरिएको आयोगको प्रतिवेदनमा जनाइएको छ। गत वर्षका विवरण समावेश गरिएको उक्त प्रतिवेदनमा सन् २०२२ लाई राजनीतिक अस्थिरताको वर्षका रूपमा चित्रण गर्दै कार्यपालिका र व्यवस्थापिकाले गुमाएको जनविश्वास पुनर्स्थापना गर्न भरमग्दुर प्रयास गर्नुपरेको उल्लेख छ।

देशले झेल्नुपरेको राजनीतिक एवं संवैधानिक सङ्कट अदालतबाट समाधान गर्ने प्रयासले परिस्थितिलाई अझ जटिल बनाएको उल्लेख गर्दै आयोगको प्रतिवेदनमा पूर्वप्रधानमन्त्री इमरान खानविरुद्धको अविश्वासको प्रस्ताव पारित भएपछि पाकिस्तान चरम राजनीतिक सङ्कटबाट गुज्रिरहेको जनाइएको छ।

पूर्वप्रधानमन्त्री खान यथाशक्य चाँडो निर्वाचन हुनुपर्ने माग गरिरहेका छन् भने सत्तागठबन्धनले त्यसलाई बेवास्ता गर्दै आएको छ। पाकिस्तानका प्रमुख प्रान्तहरू पञ्जाब र खैबर पख्तुनख्वाका प्रान्तीयसभा विघटनको मुद्दा सर्वोच्च अदालतमा पुगेको छ भने बढ्दो राजनीतिक अस्थिरतासँगै जलवायु परिवर्तनका कारण गत वर्षको भीषण बाढीले जनजीवन कष्टकर पारेको छ।

बाढीपीडितका पीडामा सहायताको मलम कसैले लगाएको छैन। गत वर्षको बाढीबाट तीन करोड तीन लाखभन्दा बढी पाकिस्तानी प्रभावित भएका थिए भने एक हजार सात सयजनाको ज्यान गएको थियो। आयोगको प्रतिवेदन अनुसार राजनीतिक कार्यकर्तालाई बलपूर्वक बेपत्ता पार्ने घटना गत वर्ष रोकिएनन् भने आफैं खोजीमा जुटेका बेपत्ता भएकाहरूका परिवारका आफन्तलाई धम्क्याइएका घटना पनि बढेका थिए। बेपत्ता भएकाहरूको खोजी तथा छानबीन गर्ने निकायमा अझै पनि दुई हजार २१० वटा मुद्दा विनाकारबाई थन्किएका छन्। बलुचिस्तान र अन्य क्षेत्रमा बेपत्ताका घटना अन्य क्षेत्रको तुलनमा बढेका छन्। बितेका पाँच वर्षको तुलनामा गत वर्ष सबैभन्दा धेरै आतङ्कवादी हमला पाकिस्तानमा भएका थिए। गत वर्ष भएका ३७६ आतङ्कवादी हमलामा ५३३ जनाले ज्यान गुमाएका तथा ८३२ जना घाइते भएका प्रतिवेदनमा उल्लेख छ।

विभिन्न अपराधमा दोषी ठहरिएका ९८ जनालाई गत वर्ष मृत्युदण्ड दिइएको थियो। अघिल्लो वर्ष १२९ जनालाई प्राणदण्ड दिइएको थियो। पाकिस्तानका कारागारमा क्षमताभन्दा बढी कैदीलाई राखिएको उल्लेख गर्दै प्रतिवेदनमा देशभरका कारागारमा ८८ हजार ६८७ जना बन्दी रहेका जनाइएको छ। रासस

**माइग्रेसन हराएको सूचना**

यही वैशाख ८ गते वीरगंजबाट काठमाडौं जाँदै गर्दा वीरगंज महानगरपालिका–१ बस्ने म **साक्षी कुमारी कर्ण**को माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले ९८०१०३२८४० मा खबर गरे आभारी हुने थिएँ।

## भारतमा सात हजार बढी कोरोना सङ्क्रमित

नयाँ दिल्ली, १५ वैशाख/एएनआई

गत बुधवारदेखि भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या घट्दै गएको छ भने यसबाट स्वास्थ्यलाभ गर्नेको सङ्ख्या बढ्दै गएको छ।

बितेका २४ घण्टामा सात हजार ५३३ जनामा कोभिड–१९ सङ्क्रमण पत्ता लागेको तथा ११ हजार ४७ जनाले कोरोनालाई परास्त गरेका केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले आज जनाएको छ।

दुई लाख आठ हजार ११२ जनाको स्वाब परीक्षण गर्दा सात हजार ५३३ जनामा सङ्क्रमण पत्ता लागेको हो। अघिल्लो साता भारतमा कोरोना महामारी मत्थर भएयता सबैभन्दा धेरै बिरामी फेला परेपछि केन्द्र सरकारले परीक्षणलाई तीव्र गतिमा अघि बढाउनुका साथै खोप अभियानलाई पनि उच्च प्राथमिकता दिंदै आएको छ।

हाल भारतमा कोरोनाबाट सक्रियरूपमा सङ्क्रमित बिरामी ०.१२ प्रतिशत रहेको जनाइएको छ। चार करोड ४३ लाख ४७ हजार २४ जना रोगमुक्त भएका छन्। विश्वव्यापी कोरोना महामारी शुरूभएदेखि हालसम्म दुई अर्ब २० करोड ६६ लाख भारतीयले कोरोना विरुद्ध खोप लगाइसकेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सुसमाचार | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनलाभ |
| सिंह – सुयश | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – प्रगति | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – कडापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**यहाँ स्तरीय छपाइसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।**

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## सङ्घीय र प्रदेशमा गठबन्धन दलको पालैपालो सरकार –अध्यक्ष नेपाल

महेन्द्रनगर (धनुषा), १५ वैशाख/रासस

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले कुनै पनि दलको स्पष्ट बहुमत नरहेकाले सङ्घीय र प्रदेश सबै सरकारमा गठबन्धन दलको पालैपालो नेतृत्व हुने बताएका छन्।



जनकपुरधाममा आज समाजवादी पत्रकार सङ्ठन, धनुषाले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले यो प्रदेश मेरो, त्यो प्रदेश तिम्रो भन्ने स्थिति नरहेकाले सबै सरकारमा गठबन्धनकारी दलहरूले नेतृत्व पाउनुपर्नेसमेत बताए। चितवन, तनहुँ र बाराको उपनिर्वाचनको परिणामले देशका मूलधारका दल समयमैं समीक्षासहित सुध्रिन सन्देश दिएकोले त्यसको तत्कालै समीक्षा र सुधार हुन आवश्यक रहेको उनको भनाइ थियो।

अध्यक्ष नेपालले अब ७० लागेका नेता आराम गर्नुको विकल्प नरहेको भन्दै उनले स्वयम् आफूलगायत त्यस्ता सम्पूर्ण नेतालाई पुस्तान्तरणका लागि आह्वान गरे। उनले समाजवादी मोर्चाका लागि पनि अब पहल शुरू हुने बताए। माओवादी र जसपासँग मात्र होइन विप्लव समूहसँग समेत कुराकानी भइरहेको बताउँदै उनले कम्युनिस्ट आन्दोलन बचाउन मोर्चा गरिने जानकारी गराए।

## महिलाहरूलाई सिलाइ मेशिन वितरण

नरेश यादव, पर्सागढी, १५ वैशाख/

घरेलु तथा साना उद्योग कार्यालय, वीरगंजको आयोजनामा सीप विकास तालीमप्राप्त प्रशिक्षार्थीहरूलाई उपयुक्त प्रविधि कार्यक्रम अन्तर्गत शुक्रवार १५ जना महिलालाई सिलाइ मेशिन वितरण गरिएको छ। गत आर्थिक वर्षमा वीरगंज महानगरपालिकाका महिलाहरूलाई सिलाइकटाइ तालीम दिइएको थियो भने यस वर्ष उनीलाई एडभान्स सिलाइकटाइसम्बन्धी ४५ दिने तालीम दिएपछि सिलाइ मेशिन वितरण गरिएको हो।



तस्वीरः प्रतीक

घरेलुका लेखाप्रमुख प्रद्युम्न प्रसादको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा शाखा प्रमुख सरिता खड्का, सहजकर्ता सुदर्शन आचार्य, कम्प्युटर अपरेटर सलिना साहलगायतको सहभागिता थियो।

## सुधारिएको चुलो वितरण

प्रस, पोखरिया, १५ वैशाख/

धोबिनी गाउँपालिका–५ धोबिनीमा १४५ जनालाई सुधारिएको चुलो वितरण गरिएको छ। वडाध्यक्ष मनौर अहमदले सुधारिएको चुलो वितरण गरेका हुन्।

गापाको सिफारिशका आधारमा चुलो वितरण गरिएको वडाध्यक्ष अहमदले बताए। उनले अन्य वडामा पनि चुलो वितरण गरिने बताए।

माटोको चुलो भएका गरीब, दलित, मुस्लिम समुदायका १४५ जनाको घर छनोट गरी टोलमैं पुगेर चुलो वितरण गरिएको वडासचिव जीतेन्द्र चौहानले बताए। उनले सुधारिएको चुलो चाहनेहरूले नागरिकता लिएर आएपछि वितरण गरिने बताएका छन्।

### पिएचडी ...

केही वर्ष अरूले पनि अनाथालयको रेखदेखको जिम्मा लिएका थिए तर अनाथालयको कथाले सिंहकै भूमिका माग गरेपछि सिंह पुनः अनाथालयमा फर्केका छन्। अनाथालय संस्थापक वंशीराम जयसवालको वृद्धावस्थाको कारण विशेष परिस्थिति सिर्जना भएपछि अनाथालय सञ्चालन र रेखदेखको सम्पूर्ण जिम्मेवारी सम्हाल्न सिंह सम्पूर्ण सुख, सुविधा त्यागेर अनाथालयसित आफ्नो नैसर्गिक मायाप्रीति फलीभूत गर्न आइपुगेका छन्।

रौतहटको गरुडामा रहेको वंशीराम जयसवाल अनाथालयको सञ्चालक समितिमा सिंह अध्यक्ष पदमा चयनित भएका छन्। अध्यक्ष पद सम्हालेपछि युवक सिंह आफ्नो जीवनको सर्वोपरि प्राथमिकता अनाथालय रहेको बताउँछन्। लगातार बाह्र वर्षसम्म सुविधा सम्पन्न दक्षिण कोरियामा रही मानसम्मानपूर्ण जीवनयापन गरेका युवक अब अनाथ बालबालिकाको बीच रहेर सेवा गर्ने प्रण गर्नु आफैंमा ठूलो महत्त्वपूर्ण त्याग भएको देखिन्छ।

अनाथालयमा करीब तीन दर्जन बालबालिका र परिवार छन्। अनाथालयको निजी आयस्रोत नरहे पनि अरूले दिएको दान–दातव्यमाथि निर्भर रहेको छ र अनाथालय चलिरहेको पनि छ। गरुडामा रहेको अनामिका अस्पताल प्रालिले अनाथालयका बालबालिकालाई निश्शुल्क प्राथमिक उपचार गर्दै आएको छ।

जन्म दिवस, विवाहका वार्षिकोत्सव तथा चाडपर्वको अवसरमा कतिपय मनकारी मानिसहरू अनाथालय पुगेर खाद्यान्न र केही रकम दिंदै आएका छन्। कोही कोही त अनाथालयमा भोजन बनाउन लगाई आफू पनि तीनै अनाथ बालबालिकासित बसेर भोजन गर्ने गरेका छन्। अनाथ बालबालिकालाई सहयोग गरेर तिनीहरूको आशीर्वाद लिनेहरू पनि छन्। शुभकामना प्राप्त गर्ने गरेका छन्। कतिपय सङ्घसंस्थाले आफ्नो वार्षिकोत्सव पनि अनाथालयमा मनाउने गरेका छन् वा त्यस अवसरमा बालबालिका र अनाथालयलाई केही प्रदान गर्ने गरेका छन्। मुख्यरूपमा यस्तै गतिविधिबाट अनाथालय चलिरहेको छ। कतैबाट केही नआउँदा र अनाथालयमा केही नहुँदा अनाथ बालबालिकाको लागि कतैबाट मागेर वा उधारो लिएर भए पनि बालबालिकाको भरणपोषण गर्ने जिम्मेवारी अध्यक्षकै भएको हुनाले अनाथालयका सञ्चालक निस्स्वार्थ मानिस हुनु जरूरी भएको संस्थापक वंशीराम जयसवालको भनाइ छ।

संस्थापक जयसवाललाई सबैले बाबाजी उपनामले बोलाउने गरेका छन्। यस्तो योग्यता देखेर नै सम्भवतः बाबाजीले सिंहलाई उत्तराधिकारी घोषणा गरेको हुनुपर्छ। अनाथालयमा आएपछि सञ्चालकको जिम्मेवारी सम्हाल्दै गर्दा आफूलाई अलग्गै अनुभूति भएको सिंह बताउँछन्।

अनाथ र अनाथालयको सेवा मेरा लागि साधना हो, जसलाई संस्थाका हरेक सदस्यको सहयोगले पूरा गर्नेछु भन्दै सिंह अत्यन्त शान्त हुन्छन्। साहित्यका विभिन्न विधामा कलम चलाउने सिंह अनाथालयलाई आत्मनिर्भर बनाउनुपर्ने आवश्यकता रहेको बताउँछन्।

अनाथालयका बालबालिकाको भरणपोषणसँग सम्बन्धित गाँस, वास, कपास, शिक्षा र स्वास्थ्यका लागि अनाथालय पुगेर एकचोटी राम्ररी बुझेर सहयोगका लागि सबैसित आग्रह पनि गर्दछन्। सहृदयीलाई सिंह अनाथालय भ्रमणका लागि हार्दिक आमन्त्रण पनि गर्दछन्। अनाथालयलाई नजीकबाट बुझिदिन सहृदयीमा सिंहको निवेदन रहेको छ।

### नगरप्रमुखको ...

उत्तिकै छ।

**नगरप्रमुखलाई सुझाव**

अहिले विद्यालयहरूमा मातृभाषामा अध्ययापन हुनुपर्ने चर्चा परिचर्चा व्याप्त छ। अङ्ग्रेजी माध्यम लागू गरेझैं भोजपुरी भाषा लागू गर्ने सन्दर्भमा नगर प्रमुख राजेशमान सिंहको ध्यान केन्द्रित हुन्छ भन्ने अपेक्षा छ। सार्वजनिक सरोकारको विषयमा बौद्धिक छलफल र बहस गर्न गराउनुपर्छ। संसारमा अनेकौं देश छन्, जहाँ अध्ययन गर्न जाने विद्यार्थीहरूले त्यहाँको भाषा पढ्नैपर्छ। तर यहाँ आफ्नै भाषाबारे बालबालिकाहरूलाई पूर्ण ज्ञान छैन। भोजपुरीमा 'उनहत्तर (६९)' भन्दा अपवादबाहेक बालबालिकाहरू बुझ्दैनन् तर अङ्ग्रेजीमा सिक्सटी नाइन भनेपछि बुझ्छन्। यसतर्फ पनि विचार होस्।

**भूमिसुधार तथा मालपोत कार्यालय, पर्साको हकदाबीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

जिल्ला पर्सा साबिक गाविस बिरुवागुठी वडा नं १ (छ) स्थित रहेको तपसिलको जग्गाको फिल्डबूकको जग्गाधनीको महल र किसानको महल खाली रहेको कैफियतसमेत उल्लेख नभएको सो कित्ता जग्गाको विरहमा पर्ती उल्लेख भएको, सो जग्गा सार्वजनिक प्रकृतिको भएको तथा सो कित्ता जग्गामा पर्सागढी नगरपालिकाको तर्फबाट १५ शय्याको अस्पताल निर्माण गर्नका लागि सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति २०७९ को दफा ८ बमोजिम उक्त जग्गालाई नेपाल सरकारको नाममा कायम गरिदिनुहुन भनी पर्सागढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, हरपुर, पर्साको चनं १८८७ मिति २०७९।१२।२२ को पत्र प्राप्त भई यस कार्यालयको मिति २०८०।०१।१३ को आदेशा अनुसार उल्लिखित जग्गालाई सार्वजनिक कायम गर्ने सम्बन्धमा उजूरदाबीका लागि हकदाबीको ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। उल्लिखित कित्ता जग्गामा कोही कसैको हकभोग लाग्ने पुग्ने भए वा उक्त जग्गालाई नेपाल सरकारको नाममा दर्ता कायम हुनुनपर्ने कुनै कारण भए यो सूचना प्रकाशन भएको मितिदेखि बाटोको म्यादबाहेक ३५ दिनभित्र उजूरदाबी गर्न आउनुहोला। म्यादभित्र उजूरदाबी नपरे कानून बमोजिम हुने बेहोरासमेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

| गाविस | वडा नं | किनं | क्षेत्रफल | फिल्डबूकको बेहोरा |
|---|---|---|---|---|
| बिरुवागुठी | १ (छ) | १ | ०–१५–१० | जग्गाधनीको महल र किसानको महल खाली रहेको कैफियतसमेत उल्लेख नभएको सो कित्ता जग्गाको विरहमा पर्ती उल्लेख भएको। |

# वीरगंजका चारजना उद्यमीलाई सम्मान

प्रस, वीरगंज, १५ वैशाख/

वीरगंज उद्योग वाणिज्य सङ्घले चारजना उद्यमीलाई सम्मान गरेको छ। सङ्घले आयोजना गरेको सम्मान कार्यक्रममा उद्योगपति एवं समाजसेवी मुरलीधर रूँगटा, नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोककुमार टेमानी, नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य सुबोधकुमार गुप्ता, नेपाल-भारत सहयोग मञ्चका केन्द्रीय अध्यक्ष अशोककुमार बैदलाई सम्मानपत्रद्वारा सम्मानित गरिएको हो।



तस्वीरः सौजन्य

वीउवासङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले यस क्षेत्रका उद्योगी रूँगटा, गुप्ता र बैदलाई नेपाल सरकारले सुप्रबल जनसेवाश्री पदकबाट सम्मानित गरेको तथा टेमानी नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशको अध्यक्ष पदमा निर्वाचित भएकाले निजी क्षेत्र गौरवान्वित भएकोले उनीहरूलाई वीउवासङ्घले सम्मान गरेको बताए।

नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष टेमानीले मधेस सरकारसँग सहकार्य गर्ने र निजी क्षेत्रका साझा समस्या सम्बोधनका लागि पहल गर्ने बताए। उनले वीरगंजले बोकेको सम्भावना र अवसरलाई मधेस आन्दोलनपश्चात् ओझेलमा पार्न खोजिएकोले यसलाई समयसापेक्ष गतिशील र जीवन्त बताउनुपर्ने बताए।

नेपाल-भारत सहयोग मञ्चका केन्द्रीय अध्यक्ष बैदले वीउवासङ्घको महत्त्व र यसको कार्यक्षेत्र दिन प्रतिदिन विस्तार भइरहेकोले नेतृत्व वर्गले गम्भीरतापूर्वक वर्तमानको आवश्यकता र भविष्यका लागि खेल्नुपर्ने भूमिकाको पहिचान गर्नु आवश्यक रहेको बताए।

नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य गुप्ताले सङ्घसँग आबद्ध रहेर नै आफ्नो क्षमताको विकास हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाउन सफल भएको बताए।

उद्योगपति एवं समाजसेवी मुरलीधर रूँगटाले उद्योग-व्यापारका साथै सामाजिक क्षेत्रको विकासमा पनि सँगसँगै अघि बढ्नुपर्नेमा जोड दिए।

सङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले धन्यवाद र सहजीकरण सङ्घका महासचिव आशिषकुमार लाठले गरेको कार्यक्रममा नेउवा महासङ्घ मधेस प्रदेशका निवर्तमान अध्यक्ष गणेशप्रसाद लाठ, सङ्घका उपाध्यक्ष माधव राजपाल, सचिव प्रेमचन्द्र गोयल, सहकोषाध्यक्ष अनोज रूँगटालगायतको सहभागिता थियो।

# दलित भर्ना बढाउन फाउन्डेशनको माग

प्रस, वीरगंज, १५ वैशाख/

पिसफोर दलित्स फाउन्डेशनले नयाँ शैक्षिकसत्र २०८० का लागि 'समयमैं भर्ना, समयमैं ज्ञान : गुणस्तरीय शिक्षा सबैको अभियान' नारासहित विद्यालय भर्ना अभियान शुरू गरेको छ।

पर्सा जिल्लासहित मधेस प्रदेशका आठ जिल्ला तथा नेपालका विभिन्न जिल्लामा विद्यालयबाहिर रहेका दलित बालबालिकाहरूको सङ्ख्या उच्च रहेको विभिन्न तथ्याङ्कले देखाउँदै आएको र यस्तो अवस्थामा विद्यालयबाहिर रहेका विद्यालय उमेर समूहका दलित बालबालिका पहिचान तथा भर्ना गर्न प्रोत्साहन गर्ने प्रभावकारी कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, स्थानीय तह, शिक्षा विकास तथा समन्वय एकाइ तथा विद्यालयहरूलाई फाउन्डेशनले आग्रह गरेको छ।


तस्वीरः प्रतीक

विद्यालयबाहिर रहेका दलित बालबालिकाहरूको लगत सङ्कलन, विद्यालयबाहिर रहनुका कारण एवं समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा विद्यालय भर्ना अभियान प्रभावकारी हुने भएकोले विद्यालयबाहिर रहेका दलित बालबालिकाहरूको सङ्ख्या उच्च रहेका गाउँ, टोल र क्षेत्र पहिचान गरी शिविर सञ्चालन गर्ने, जन्मदर्ता नहुँदा विद्यालय भर्ना हुनबाट वञ्चित भएका बालबालिकालाई शिविरमैं जन्मदर्ता गरेर तत्काल भर्ना गरी स्वागत तथा शिविरबाटै पाठ्यपुस्तक उपलब्ध गराउने कार्य गर्नका लागि समेत फाउन्डेशनले आग्रह गरेको छ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## सुजल र आरुषीले जिते स्वर्ण

काठमाडौं, १५ वैशाख/रासस

लुम्बिनी प्रदेशका सुजल डाँगी र आरुषी भट्टराईले १३औं केन्द्रस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगिता अन्तर्गत एथलेटिक्सको एक सय मिटर दौडमा शुक्रवार स्वर्णपदक जितेका छन्। सुजलले छात्र तथा आरुषीले छात्रामा स्वर्ण हात पारेका हुन्।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सुजलले निर्धारित दूरी ११.४ सेकेन्डमा पूरा गरे। मधेस प्रदेशका आदेश यादवले रजत तथा कर्णाली प्रदेशका सुशील ओलीले कांस्य जिते। आरुषीले निर्धारित दूरी तय गर्न १३.७ सेकेन्ड समय लगाइन्। वाग्मतीकी दिना गोपालीले रजत जितिन् भने स्वागता खाइजुले कांस्य हात पारे।

छात्र एक हजार पाँच सय मिटर दौड चार मिनेट २२.८ सेकेन्डमा सकाउँदै लुम्बिनीका विकास विकले शीर्ष स्थान हात पारे। गण्डकीका बादल कार्की दोस्रो तथा सुदूरपश्चिम प्रदेशका अमित आउजी तेस्रो भए। उक्त स्पर्धाको छात्रामा गण्डकीकी नारायणी भण्डारीले पाँच मिनेट १५.४ सेकेन्डमा दौड पूरा गर्दै पहिलो बनिन्। लुम्बिनीकी मोतीकला डाँगी दोस्रो तथा कोशी प्रदेशकी नीला जिमी तेस्रो भए।

छात्र हाईजम्पमा वाग्मतीका नवीन खत्री पहिलो भए। उनले १.६८ मिटर उचाइ नाघे। गण्डकीका मनीष जिसी तथा कोशीका सागर यादव संयुक्तरूपमा दोस्रो स्थानमा रहे। सो स्पर्धाको छात्रामा १.४५ मिटर उचाइ नाघेकी गण्डकीकी सीमा श्रेष्ठले स्वर्ण चुमिन्। लुम्बिनीकी प्रमिला चौधरीले रजत तथा सुदूरपश्चिमकी सुस्मिता चौधरीले कांस्य प्राप्त गरे। तीन दिने उक्त प्रतियोगितामा विभिन्न सात प्रदेशका १५४ खेलाडीले विभिन्न २६ स्पर्धामा प्रतिस्पर्धा गरिरहेका छन्।

## सेमिफाइनलमा नेपालले कुवेतसँग प्रतिस्पर्धा गर्ने

काठमाडौं, १५ वैशाख/रासस

एसिसी मेन्स प्रिमियर कप एकदिवसीय क्रिकेट प्रतियोगिताको सेमिफाइनल खेलमा नेपालले कुवेतको सामना गर्ने भएको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा हुने उक्त प्रतियोगितामा समूह 'ए'को विजेता नेपाल र समूह 'बी'को उपविजेता कुवेतबीच प्रतिस्पर्धा हुनेछ। उक्त खेल भोलि बिहान ९ बजेदेखि शुरू हुनेछ।


ACC MENS PREMIER CUP 2023
POINTS TABLE

| TEAM | MAT | WON | LOST | NRR | PTS |
|---|---|---|---|---|---|
| GROUP A | | | | | |
| Nepal | 4 | 3 | 0 | 1.497 | 7 |
| Oman | 4 | 3 | 1 | 0.377 | 6 |
| Malaysia | 4 | 2 | 2 | 0.24 | 4 |
| Saudi Arabia | 4 | 1 | 2 | -1.101 | 3 |
| Qatar | 4 | 0 | 4 | -1.056 | 0 |

ACC MENS PREMIER CUP 2023
POINTS TABLE

| TEAM | MAT | WON | LOST | NRR | PTS |
|---|---|---|---|---|---|
| GROUP B | | | | | |
| United Arab Emirates | 4 | 3 | 1 | 2.437 | 6 |
| Kuwait | 4 | 3 | 1 | 0.223 | 6 |
| Hong Kong | 4 | 2 | 1 | 0.97 | 5 |
| Bahrain | 4 | 1 | 2 | 0.019 | 3 |
| Singapore | 4 | 0 | 4 | -3.028 | 0 |

तस्वीर सौजन्यः एसिसी

नेपाल समूह चरणको अन्तिम खेलमा हिजो कतारलाई ६८ रनले पराजित गर्दै समूह 'ए'को शीर्ष स्थानमा रही सेमिफाइनलमा पुगेको हो।

नेपालले समूह चरणको पहिलो खेलमा मलेशियालाई छ विकेटलले पराजित गरेको थियो भने दोस्रो खेलमा ओमानलाई ८४ रनले हराएको थियो।

त्यस्तै, नेपालले आफ्नो तेस्रो खेलमा साउदी अरेबियासँग वर्षाका कारण प्रभावित भएपछि अङ्क बाँडेको थियो। समूह 'बी'मा रहेको कुवेतले हिजै भएको समूह चरणको अन्तिम खेलमा हङकङलाई ३० रनले पराजित गर्दै सेमिफाइनलमा नेपालसँगको भेट पक्का गरेको हो।

भोलि नै हुने अर्को सेमिफाइनल खेल मूलपानी क्रिकेट मैदानमा हुनेछ। समूह 'ए'को उपविजेता ओमानले समूह 'बी'को विजेता संयुक्त अरब इमिरेट्स (युएई)सँग प्रतिस्पर्धा गर्नेछ।

नेपाल र कुवेत तथा ओमान र युएईबीचको विजेता टोलीले फाइनल खेल्नेछन् भने पराजित दुई टोलीले तेस्रो स्थानका लागि प्रतिस्पर्धा गर्नेछन्। फाइनल खेल यही वैशाख १८ गते हुनेछ भने तेस्रो स्थानका लागि यही वैशाख १७ गते खेल हुनेछ।

# धर्मशालालाई पङ्खा सहयोग

प्रस, पोखरिया, १५ वैशाख/

पोखरियास्थित स्वरोजगार लघुवित्त संस्थाले धर्मशालालाई पङ्खा सहयोग गरेको छ।

संस्थाका प्रबन्धक कुश्माखर अधिकारीले शुक्रवार कालिकामाई गाउँपालिका-२ मा रहेको धर्मशालालाई दुई थान पङ्खा सहयोग गरेका हुन्। उनले वडाध्यक्ष सोनालाल चौरसियालाई पङ्खा हस्तान्तरण गरेका थिए। धर्मशालामा पङ्खा अभाव रहेको र अहिले बिहेवारीको समयमा धर्मशाला प्रयोगकर्ताहरूलाई समस्या परेको थाहा पाएर संस्थाले सहयोग गरेको प्रबन्धक अधिकारीले बताए।



तस्वीरः प्रतीक

**यौन हिंसाबाट बचौं र बचाऔं।**

- यौनजन्य हिंसा सामाजिक अपराध हो।
- यस्तो हिंसा छिमेकी, आफन्त र नातेदारबाट समेत हुनसक्छ।
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं।
- उनीहरूको चालचलन, बानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुन सक्छ।
- त्यस्तो पाइए तत्काल उनीहरूसँग कुरा गरौं।
- बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# विद्यालय व्यवस्थापन समिति गठन

प्रस, पंचगावाँ, १५ वैशाख/

पटेर्वासुगौली गाउँपालिका-३ सोनवर्षास्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय कञ्चनपुर बैरियामा विद्यालय व्यवस्थापन समिति सर्वसहमतिले गठन भएको छ।


तस्वीरः प्रतीक

ज्वाला गिरीको अध्यक्षतामा नौ सदस्यीय समिति गठन भएको प्रधानाध्यापक राजेशकुमार गिरीले बताए। गठित समितिका सदस्यहरूमा हैदरअलि अन्सारी, ग्रहणी देवी, अब्दुल सैर मुकेरी, मनीता देवी, सङ्गीता देवी, वीरशम्शेर गिरी, राजेशकुमार गिरी, मोतीलाल चौधरी छन्। करीब डेढ दशकदेखि विद्यालय व्यवस्थापन समितिविहीन विद्यालयमा वडाध्यक्ष माधवप्रसाद राउत थारूको सक्रियतामा समिति गठन भएको हो।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | अमृता-ममता स्मृति प्रतिष्ठान | सम्मान | टिबडेवाला धर्मशाला | ७:३० |
| २. | मुस्लिम समाज | इद मिलन | नगर सभागृह | १०:०० |